# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १०९ | काठमाडौं | आइतबार, २५ साउन २०८२ | Prabhab National Daily | Sunday, 10 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## असारे विकासको कुरूप 'शंखमूल सडक'



मान्छे कहाँबाट हिंड्छ त, सोच्नु पर्दैन ? विकासको नाममा भत्काएर अलपत्र छोड्ने होइन, त्यो पनि बर्खामासमा । वडाले चाँडोभन्दा चाँडो हिलोबाटोलाई व्यवस्थापन गरेर हिंड्डुल गर्न सक्ने बनाउनुपर्छ ।

**■ भूपेन्द्र पोखेल**
अधिवक्ता एवं स्थानीयवासी

पाइप, ढल राख्न सडक खन्नै पऱ्यो । हिलोमा ग्राभेल गर्न सकिँदैन । स्थानीयलाई गाह्रो भएको छ, तर अरु उपाय छैन । तीन-चार महिनापछि त पहिलेको भन्दा राम्रो सडक बनिहाल्छ नि !

**■ सरोज ढकाल**
वडाध्यक्ष, कामपा-३१

**■ मधु शाही**

**काठमाडौं-** 'झरी परेपछि हिलाले बोटामा हिँड्ने स्थिति हुँदैन । अरूको घरको भित्ता समाउँदै हिलाम्मे सडक पार गर्नुपर्ने स्थिति छ,' बुटवलकी शुभद्रा भट्टराई काठमाडौं महानगरपालिका-३१ को शंखमूलस्थित सडकको बिजोग देखेर भन्छिन्, 'छि ! सडक ।'

यहाँ असारे बजेट खर्च गर्नैका लागि काठमाडौं महानगरपालिकाको वडा नम्बर ३१ ले धमाधम सडक खनेको थियो, तर त्यसको व्यवस्थापन भएन, जसले गर्दा सडक छेउका नागरिक र यही बाटो भएर आउनेलाई निकै सास्ती भएको छ । 'घर आउने यो बाटोको अर्को विकल्प छैन । दिनहुँ हिँड्नै

- वडा कार्यालयले असारे बजेट खर्च गर्नैका लागि धमाधम सडक खनेर त्यतिकै छाड्दा नागरिकलाई सास्ती
- जेठ/असार लागेपछि बाटो खन्ने र समयमै सम्पन्न नभए पनि सामान्य व्यवस्थापनसमेत नगरेको भन्दै स्थानीय आक्रोशित

पर्छ, तर हिँडेपछि सास्ती । अस्ति सानी नातिनी हिलोमा चिप्लिएर लडी । हामी बूढाबूढी हिँड्न पनि त्यस्तै जोखिम छ,' शंखमूल डेरा गरेर बस्ने भट्टराई भन्छिन् ।

कोटेश्वर, बालकुमारी करिडोर सडक भएर बानेश्वर वा बबरमहल निस्किने अधिकांश यात्रीले यहाँको दुर्दशा देखिरहेका छन् । जेठ/असार लागेपछि बाटो खन्ने र समयमै सम्पन्न नभए पनि सामान्य व्यवस्थापनसमेत नगरेको भन्दै धेरैजसो आक्रोशित छन् । दैनिक यो बाटो प्रयोग गर्नैपर्ने बाध्यतामा रहेका स्थानीय झनै आक्रोसित छन् । वडाले खानेपानीका पाइप, बिजुलीको तार, ठूला ढल राख्ने भनेर बाटो भत्काए पनि सामान्य हिलोसमेत नफाली छोड्दा व्यापार व्यवसायमा पनि समस्या परेको छ । तरकारी व्यापारी माया तामाङ हिलोका कारण आवातजावत गर्न समस्या भएकाले मान्छेको चहलपहल कम भएको र यसले व्यापारीले घाटा बेहोर्नु परेको गुनासो गर्छिन् ।

क्रमश: पृष्ठ २ मा

## कमजोर सुरक्षा व्यवस्थाले कैलाली कारागारमा हिंसात्मक झडप

### एक कैदीबन्दीको मृत्यु, ४७ घाइते

- कैलाली कारागारमा पटक-पटक झडप, शनिबार रातिको झडपमा परी कैदी ४० वर्षे भरत चौधरीको मृत्यु
- ४७ घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर
- घटनाको कारण भूपेन्द्र बडुवाल हत्या प्रकरणका कैदी सरुवा र कारागारको नाइके परिवर्तन
- मानवअधिकार आयोगले सुरक्षा व्यवस्था मजबुत पार्नू भन्दै दिएको निर्देशनको बेवास्ता
- **आयोगले भन्यो-** क्षमताभन्दा बढी कैदीबन्दी राखिएको, भौतिक स्रोतसाधानको अभाव रहेको र कैदीबन्दी स्थानान्तरण गर्दा परिवारका सदस्यसँग आवश्यक समन्वय नहुने गरेको पाइयो
- घटनापछि कारागारको जेलर परिवर्तन

**■ जेबी योञ्जन**

**काठमाडौं-** गएको असार अन्तिमदेखि कैलाली कारागारमा कैदीबन्दीहरूबीच भएको पटक-पटकको हिंसात्मक झडपले अन्तत: ज्यानै लिएको छ । शनिबार राति भएको दुईपक्षीय झडपमा धनगढी उपमहानगरपालिका वडा नम्बर-४ का ४० वर्षीय भरत चौधरीको मृत्यु भयो । उनी लागुऔषध मुद्दामा थुनामा पुगेका थिए ।

घटनामा ४७ जना घाइते भएका छन् । घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर रहेको कारागार प्रशासनले जानकारी दिएको छ । उनीहरूको सेती प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ ।




### छानबिन समिति गठन

कारागारमा भएको झडपको घटनाबारे छानबिन गर्न शनिबार नै छानबिन समिति गठन गरिए छ । कैलालीका सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन भएको हो । समितिलाई घटनाको कारण पत्ता लगाएर १० दिनभित्र प्रतिवेदन बुझाउने कार्यादेश दिइएको छ ।

समितिमा नेपाल प्रहरीका प्रहरी नायव उपरीक्षक (डिएसपी) राजकुमार सिंह, सशस्त्र प्रहरीका डिएसपी जनकराज पन्त र अनुसन्धान अधिकृत दीपेन्द्र सिंह सदस्य छन् । सदस्यसचिवमा जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत शिवराज जोशी रहेको डिएसपी सिंहले जानकारी दिए ।

घटनापछि गृहमन्त्री रमेश लेखकले शनिबार सबै सुरक्षा निकायका अधिकारीहरूसँग छलफल गरे । छलफलपछि उनले कैलाली कारागारका जेलर फेरेका छन् । जेलर बसन्त खत्रीको ठाउँमा जालन्धर भुसाललाई पठाइएको छ । भुसाल शनिबार दिउँसो ३ बजे कैलाली पुगेर कार्यभार सम्हालेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी शिवराज जोशीले जानकारी दिए ।

प्रहरीका अनुसार ब्लक 'ए' मा रहेका कैदीबन्दीको समूहले इँटाले टालिएको ढोका कारागारभित्रकै जिमखानाको सामानले फुटाएर ब्लक 'बी' मा रहेका कैदीबन्दीमाथि शनिबार राति अन्धाधुन्ध आक्रमण गरेका थिए । आक्रमणको बेला ब्लक 'बी' मा रहेका अधिकांश कैदीबन्दी निदाएका थिए । त्यही मौकामा उनीहरूले रड, खुकुरी, चक्कु, इँटालगायतले अन्धाधुन्ध आक्रमण गरेका थिए ।

आक्रमण दुई कारणले भएको मानिएको छ । पहिलो, भूपेन्द्र बडुवाल हत्या प्रकरणका कैदी सरूवा र दोस्रो, कारागारको नाइके परिवर्तन । कारागार प्रशासनले बडुवाल हत्या प्रकरणमा जोडिएर थुनामा रहेका तीन जनाको यही २२ साउनमा सरूवा गरेको थियो ।

क्रमश: पृष्ठ २ मा

### यी हुन् ४७ घाइते

१. जनक देउवा, धनगढी-५ कैलाली
२. रोशन शाही, धनगढी- ५ कैलाली
३. जीवन खत्री, गोदावरी- कैलाली
४. नविन नाथ, गौरीगंगा-७ कैलाली
५. शरद चौधरी, धनगढी-५ कैलाली
६. नरेश राना, धनगढी-१३ कैलाली
७. वसन्त खत्री, धनगढी-८ कैलाली
८. राम निवास राना, धनगढी-१० कैलाली
९. कर्ण सलामी मगर, मोहन्याल-३, कैलाली
१०. अभिषेक चौधरी, घोडाघोडी- ५ कैलाली
११. धिरज बम, बर्दगोरिया-१ कैलाली
१२. मेकेन्द्र गिरी, त्रिवेणी-८ बाजुरा
१३. रञ्जित सिंह, लखिमपुर कवेरी, भारत
१४. निरज जैशी, जानकी- ९ कैलाली
१५. जगदिश राना, धनगढी-१० कैलाली
१६. हिमाल राना, धनगढी-८ कैलाली
१७. बल राना, धनगढी-५ कैलानी
१८. हर्क गिरी, धनगढी-१८ कैलाली
१९. जनक भण्डारी, लम्कीचुहा-१० कैलाली
२०. किशोर खडायत, भिमदत्त-८ कञ्चनपुर
२१. अमित भुल, टिकापुर-१ कैलाली
२२. कल्पेश विष्ट, टिकापुर-१ कैलाली
२३. दीपक खत्री, गोदावरी-१० कैलाली
२४. दिनेश साउँद, लम्कीचुहा-१ कैलाली
२५. रवि चौधरी, धनगढी-४ कैलाली
२६. अकिंत बाँनिया, पालिनन्दन-१ नवलपरासी
२७. सिद्धार्थ बडेला, गोदावरी- ९ कैलाली
२८. विवेक चौधरी, जोशीपुर-१ कैलाली
२९. मनिष चौधरी, कैलारी-८ कैलाली
३०. गौरव बम, शुक्लाफाँटा-८ कञ्चनपुर
३१. विवस चौधरी, घोडाघोडी-३ कैलाली

क्रमश: पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## वैदेशिक रोजगारीमा जाने अदक्ष श्रमिकको अनुपात पुन: बढ्दै

**■ प्रभाव संवाददाता**

**काठमाडौं-** सरकारले वैदेशिक रोजगारीमा जाने अदक्ष कामदारको संख्या घटाउने नीति लिए पनि व्यवहारमा उल्टो देखिएको छ । गत आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेमा अदक्ष श्रमिकको अनुपात अघिल्लो दुई आर्थिक वर्षको तुलनामा बढेको तथ्यांकले देखाउँछ ।

वैदेशिक रोजगार विभागका अनुसार उक्त आर्थिक वर्षमा कूल आठ लाख ३९ हजार २६६ जनाले वैदेशिक रोजगारीका लागि अनुमति लिएका थिए । जसमा अदक्ष श्रमिकको अनुपात २७ प्रतिशत रहेको छ । यो अनुपात अघिल्लो दुई आर्थिक वर्ष २०८०/८१ र २०७९/८० को तुलनामा बढी हो । विभागको तथ्यांकअनुसार आव २०८०/८१ मा अदक्ष श्रमिकको अनुपात १९.६३ प्रतिशतमा झरेको थियो । यस्तै आव २०७९/८० मा यस्तो अनुपात २६.२६ प्रतिशत रहेको देखिन्छ ।

त्यसअघिका दुई वर्षमा भने अदक्ष श्रमिकको अनुपात उच्च रहेको थियो । आव २०७७/७८ मा ४८ प्रतिशत भन्दा बढी रहेको अदक्ष श्रमिकको हिस्सा आव २०७८/७९ मा ४४.९२ प्रतिशतमा झरेको थियो । त्यसपछिको दुई आर्थिक वर्षमा उल्लेख्य घटेको अदक्ष श्रमिकको अनुपात पछिल्लो आर्थिक वर्षमा फेरि बढ्न पुगेको हो । यो तथ्यांकले अदक्ष श्रमिक पठाउन कम गर्ने योजनामा सरकार असफल भएको देखाउँछ ।



| आर्थिक वर्ष | कूल श्रम स्वीकृति | अदक्ष श्रमिक | अदक्ष श्रमिकको अनुपात (प्रतिशतमा) |
|---|---|---|---|
| २०७७/७८ | ८,३९,२६६ | २,२७,४०७ | २७.०९ |
| २०७८/७९ | ७,४१,२९७ | १,४५,५४७ | १९.६३ |
| २०७९/८० | ७,७१,३२७ | २,०२,६१६ | २६.२६ |
| २०८०/८१ | ६,३०,०९० | २,८३,०६८ | ४४.९२ |
| २०८१/८२ | १,६६,६९८ | ८०,३८२ | ४८.२२ |

*स्रोत: वैदेशिक रोजगार विभाग*

### पाँच आर्थिक वर्षमा श्रम स्वीकृति लिने ३० प्रतिशत अदक्ष

पछिल्लो पाँच आर्थिक वर्षमा श्रम स्वीकृति लिएर कूल ३१ लाख ४८ हजार ६७८ जना वैदेशिक रोजगारीमा गएको तथ्यांक छ । जसमा अदक्ष श्रमिक २९.८२ प्रतिशत अर्थात् नौ लाख ३९ हजार २० जना रहेका छन् ।

सरकारले बाध्यात्मक वैदेशिक रोजगारलाई न्यूनीकरण गर्ने घोषणा गरे पनि पछिल्लो आर्थिक वर्षमा हालसम्मकै धेरै नेपाली श्रमिक विभिन्न मुलुक गएका छन् । गत आर्थिक वर्ष २०८१/८२ मा सात लाख ४४ हजार ८११ जना पुरुष र ९४ हजार ४५५ जना महिला गरी कूल आठ लाख ३९ हजार २६६ जना श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका हुन् । जसमा उच्च दक्ष ९३७, व्यावसायिक चार हजार ३७२, अर्धदक्ष ९९ हजार ७२३, दक्ष पाँच लाख छ हजार ८२७ र अदक्ष दुई लाख २७ हजार ४०७ जना रहेका छन् ।

यसैगरी आव २०८०/८१ मा कूल सात लाख ४१ हजार २९७ जनाले श्रम स्वीकृति लिएका थिए । जसमा पुरुष छ लाख ६१ हजार १२५ र महिला ८० हजार १७२ जना रहेका थिए ।

क्रमश: पृष्ठ २ मा







**विश्व आदिवासी दिवस** | ३१औं विश्व आदिवासी दिवसको अवसरमा शनिबार काठमाडौंको राष्ट्रिय सभागृहमा नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषद् सचिवालयले आयोजना गरेको विश्व आदिवासी दिवस मूल समारोहको परम्परागत बाजाहरू बजाएर उद्घाटन गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङलगायतका अतिथिहरू । *तस्बिरः रासस*

# प्राकृतिक देवता मान्दै भ्यागुतालाई भात

■ रमेश गिरी

**भक्तपुर–** गोलाकार पारेर काटिएका मूलाका चानालाई सिन्काले घोचेर डल्लो र अलि लाम्चो बनाइएको भातमा अड्याइएको छ । छरिता रोटीसँगै क्वाँटीलगायत विभिन्न तरकारी र खानेकुरा एउटा ठूलो पातमाथि राखिएका छन् । त्यही पातलाई नाङ्लो वा किस्तीमाथि राखेर रक्षाबन्धन धागो र सिन्दूरसमेत त्यसमै राखेर छेवैमा धुवाइरहेको सुगन्धित धूप बालेर यहाँका किसान खेतमा पुगेका छन् ।

सुन्दा पनि कतिपयलाई अचम्म लाग्न सक्छ, भ्यागुताको पूजा र भ्यागुतालाई भात ! तर भक्तपुरका नेवार समुदायका किसानले सयौं वर्षदेखि यो परम्परालाई जीवित राख्दै आएका छन् । जनैपूर्णिमाका दिन अधिकांश मठमन्दिरमा भिड चुलिँदै जाँदा भक्तपुरका किसान भने विभिन्न परिकार बोकेर भ्यागुतालाई भात खुवाउन आ-आफ्ना खेततिर लाग्ने गर्दछन् ।

आफ्ना खेतमा पुगेर आलीमा टुक्रुक्क बसेर भ्यागुतालाई पाहुनाका रूपमा डाक्छन् र किसानले भ्यागुतालाई परिकार छाडिदिन्छन् । सामुन्ने नआए पनि तिनलाई रक्षाबन्धनको धागो त्यहीँ छाडिन्छ । सांकेतिकरूपमा सिन्दूर पहिऱ्याइन्छ । किसानले ऐनाका रूपमा (भातमा गाडिएका मुलाका चाना) देखाइदिन्छन् । किसानले खेतमै छाडेर गएको परिकार भ्यागुता आएर खाने विश्वास किसानले गर्ने गरेका छन् ।

यो परम्परा देख्नेलाई अनौठो लागे पनि भक्तपुरका नेवार समुदायका लागि भने यो परम्परा नौलो होइन । हरेक वर्षको जनैपूर्णिमाका दिन मान्दै आएको यो परम्परा प्रकृतिपूजक अर्थात् प्रकृतिका देवताका रूपमा किसानले भ्यागुताको पूजा एवं भात खुवाउने परम्परा गर्दै आएको स्थानीय संस्कृतिकर्मी प्रकाश धौभडेल बताउँछन् ।

भ्यागुताले बालीनाली सपारिदिने विश्वास रहेको उल्लेख गर्दै उनी भ्यागुताको गुन तिर्न वर्षको एक दिन उनीहरूलाई भोज खुवाउने परम्परा सदियौंदेखि रहँदै



आएको बताउँछन् । धेरैतिर खेत हुनेहरूलाई सबैतिर पुग्न यस दिन भ्याइनभ्याइ हुने गर्छ । यो परम्परालाई स्थानीय नेपाल भाषामा 'ब्याङ् चा जानका वानेगू' भन्ने गरिन्छ । नेपाल भाषामा 'ब्याङ्' को अर्थ भ्यागुतो र 'जानका वानेगू' को अर्थ खाना खान जाने हुन्छ ।

संस्कृतिविद् तेजेश्वरबाबु ग्वंग भ्यागुतालाई किसानको सहयोगीका रूपमा लिएर सम्मानसाथ भोज खुवाउने परम्परा रहेको बताउँछन् । भ्यागुताले विभिन्न माध्यमबाट बालीनाली संरक्षण गरी किसानलाई सहयोग गर्ने गरेको तथा भ्यागुतो उफ्रँदा बारीमा मल फिजिने र बाली बिगारिदिने कीटाणु खाइदिएर किसानलाई सहयोग पुऱ्याउने भएकाले पनि भ्यागुताको पूजा र भोज खुवाउने परम्परा रहँदै आएको उनी बताउँछन् ।

खेतमा काम गर्दा जति पनि किराफटचांग्रा मार्छन् त्यसका लागि क्षमा माग्दै भ्यागुतालाई भात खुवाउने चलन रहेको बताइन्छ । 'भ्यागुता हाम्रो समाजमा वैद्धिककालमा भएको गुरुचेला परम्परा हो, गुरुले उच्चारण गर्ने र शिष्यले त्यसैलाई हुबहु उच्चारण गर्ने मौखिक शिक्षा प्रणाली पनि भ्यागुताबाट नै सुरु भएको मानिन्छ,' धौभडेल भन्छन्, 'यो परम्परा चल्नुमा प्रेरणाको स्रोत अर्थात् महान् गुरु भ्यागुतो हो ।'

भ्यागुताबाटै नै पूर्वजहरूले शैक्षिक विद्याको सुरुआत गरेको संस्कृतिविद् धौभडेल बताउँछन् । यसको प्रमाण रिकवेदमा 'मन्धुक रिचा'मा उल्लेख गरिएको छ । त्यसैले भ्यागुताबाट नै पठनपाठन परम्परमा सुरु भएको मान्न सकिने श्रेष्ठको भनाइ छ । *रासस*

# लोप भयो जनैपूर्णिमामा 'गुपु हिटी सिके वनेगु' प्रचलन

■ लक्ष्मी गारु

**भादगाउँ (भक्तपुर)–** जनैपूर्णिमा अर्थात् श्रावण शुक्ल पूर्णिमाका अवसरमा शनिबार नेवार समुदायले गुँन्हुपुन्ही पर्व मनाएका छन् ।

गुँन्हुपुन्हीका दिन कुण्ड वा पोखरीमा स्नान गर्ने, हातमा जनै बान्ने, क्वाँटी खाने र भ्यागुताको पूजा गर्नेमात्र होइन भक्तपुरका नेवार समुदायमा 'गुपु हिटी सिके वनेगु' (नौ वटा धारा चिन्न जाने) परम्परा पनि रहेको छ । आधुनिकतासँग हिटीहरू लोप हुनु र भएका हिटीको पनि उचित संरक्षण नहुँदा 'गुपु हिटी सिके वनेगु' प्रचलन लोप भएको छ ।

भक्तपुर नगरमा १७ पूर्वाभिमुख, २९ पश्चिमाभिमुख, दुई उत्तराभिमुख र २२ दक्षिणभिमुख हिटी छन् । तीमध्ये पूर्वाभिमुखका नौ हिटीलाई धार्मिक तथा सांस्कृतिकरूपमा अत्यन्त महत्त्वपूर्ण मानिएको छ । यी नै नौ वटा हिटीमा स्नान गर्न जाने परम्परालाई 'गुपु हिटी सिके वनेगु' भनिन्छ । गुपु अर्थात् नौ हिटीमा सूर्यविनायक गणेश मन्दिरको इनारे हिटी, सूर्यविनायक मन्दिर जाने ओकालोमा रहेको इनारे लुखाहिटी, भक्तपुर नगरपालिका-१ दुगुरेको स्वकी अजिमा हिटीमा, वडा नं १ कै मेभारी हिटी पर्दछ ।

यसैगरी, भक्तपुर-३ नासमना दबु हिटी, तुलाछेस्थित त्रिपुरा राजदरबारभित्र रहेको त्रिपुरासुन्दरी विद्यापीठको हिटी, सुकुलढोकाको बुलुबुलु हिटीलाई, नासमना दबु हिटी र तचपालको भिसिंद्यो हिटीलाई गुपु हिटीका रूपमा लिइन्छ । यी हिटीहरूको आ-आफ्नै विशेषता छन् । स्वकी अजिमा हिटीमा स्नानगरी नजिकको स्वकी (स्वाःस्वाः) अजिमालाई जल चढाइ पूजा गरे दम रोग निको हुने धार्मिक विश्वास रहेको छ भने मेभारी हिटीमा स्नान गरी जल ग्रहण गर्नाले टाउको दुखाइ रोग निवारण हुनुका साथै जिउ भारी भई थकान हुने समस्याबाट मुक्त हुने स्थानीय ८५ वर्षीय लतङ्काजी खत्रीले जानकारी दिए ।

यसैगरी, त्रिपुरा राजदरबारभित्र रहेको त्रिपुरासुन्दरी विद्यापीठको हिटी, सुकुलढोकाको बुलुबुलु हिटी, नासमनाको दबु हिटी, सूर्यविनायक गणेश मन्दिर छेउको इनारे हिटी र इनारे लुखा हिटी धार्मिकले दृष्टिले अत्यन्त पवित्र हिटीका रूपमा मान्यता रहेको त्रिपुरासुन्दरी विद्यापीठको आगंद्योको मुख्य पुजारी सिद्धिवीर कर्माचार्यले बताए ।

यी हिटी कतिपय लोप भइसकेका छन् भने कुनैमा पानी आउँदैन र कुनै संरक्षणको पर्खाइमा रहेका छन् । स्वकी अजिमा हिटी पूरै झारपातले पुरिएको अवस्थामा छ । मेभारी हिटीचा स्थानीय बस्ती विस्तारसँगै व्यवस्थित अवस्थामा छ । त्रिपुरासुन्दरी विद्यापीठको हिटीको मुहान जर्मन परियोजना लागू भएपछि सुकेर बन्द भएको स्थानीय बताउँछन् ।

सुकुलढोकाको बुलुबुलु हिटी अहिले संरक्षणको पर्खाइमा छ । नासमनाको दबु हिटीको परम्परागत मुहान बन्द भएपछि अहिले काठमाडौं उपत्यका खानेपानी लिमिटेडले वितरण गरेको पानी जडान गरी सञ्चालन भइरहेको छ । सूर्यविनायक गणेश मन्दिर छेउको इनारे हिटी सञ्चालनमा रहेको छ भने इनारे लुखाहिटीमा वर्षाको समयमा पानी आउने अरुबेला सुक्खा हुने गरेको छ । यो हिटीमा स्थानीयले प्रयोग गर्न मिल्ने गरी धारा जडान गरिएको छ ।

संस्कृतिसँग जोडिएका हिटीमध्ये अर्को महत्त्वपूर्ण हिटी तचपालको भिसिंद्यो हिटीको पानीले नियमित भिसिंद्यो (भीमसेन) र गुरु दत्तात्रयलाई स्नान गराउने परम्परा छ । नौ हिटी स्नान गर्ने क्रम सूर्यविनायक गणेश मन्दिरको इनारे हिटीदेखि सुरु भई क्रमशः इनारे लुखा हिटी, स्वकी अजिमा हिटी, मेभारी हिटी, नासमना हिटी, त्रिपुरासुन्दरी विद्यापीठ हिटी, बुलुबुलु हिटी हुँदै भिसिंद्यो हिटीमा स्नान गरेपछि सम्पन्न हुन्छ ।

गुँन्हुपुन्हिमा नौ हिटीमा स्नान गर्नाले पुण्य प्राप्तिका साथै विभिन्न रोगको प्रकोपबाट जोगाउने धार्मिक विश्वास रहेको छ । यसदिन हिटीमाथि अवस्थित उत्तरापन्थका देवीदेवताको दर्शन गर्नाले दिवंगत भएका परिवारका सदस्य सापारु(गाईजात्रा)को दिन ईश्वरीय धाममा प्रवेश पाउने धार्मिक विश्वाससमेत रहेको संस्कृतिविद्हरू बताउँछन् ।

गुँन्हुपुन्हीमा नौ जोर लुगा लगाएर, नौ थरीको गेडागुडी क्वाँटी खाएर, पूर्वतिर फर्केको नौ वटा हिटीमा तीर्थ स्नान गऱ्यो भने सुख, शान्ति, समृद्धि भई मृत्युपश्चात् पितृ भएर बाँच्न पाइन्छ भन्ने धार्मिक मान्यता रहेको पुरातत्त्व, इतिहास तथा संस्कृतिविद् प्रा.डा. पुरुषोत्तम लोचन श्रेष्ठले बताए । उनले वास्तुतन्त्र विधिअनुरूप नै हिटीको निर्माण गरिएको बताए । श्रेष्ठका अनुसार नौ हिटीमा तीर्थस्नान गर्नाले यो जुनीमा सुख, शान्ति, समृद्धि प्राप्त गर्नुका साथै परलोक गमन भएपछि मोक्ष प्राप्त हुन्छ । व्रम्हत्व, विष्णुत्व, रुद्रोत्व प्राप्त भई कैलाश र स्वर्गमा बास पाइन्छ भन्ने धार्मिक मान्यता रहेको छ । त्यही धर्म पाउन गुँन्हुपन्हीको दिन पूर्वाभिमुख हेरेका विषेश नौ हिटीमा स्नान गर्न जाने परम्परा रही आएको प्रा.डा. श्रेष्ठले बताए ।

यसलाई स्थानीय जनजीवनमा 'गुपु हिटी सिकवानेगु' भनी नौ हिटीमा तीर्थ स्नान गर्न जाने विकास भएको हो । भक्तपुरमा ५० को दशकसम्म प्रचलनमा रहेको यो परम्परा आधुनिकता र बढ्दो सहरीकरणसँगै अहिले लोप भइसकेको छ । परापूर्वकालदेखि यहाँका हिटिहरूमा स्थानीयले बिहान नित्य स्नान गर्ने, मुख धुने, देवीदेवताका लागि पवित्र जल चढाउने, तर्पण दिने, लुगा धुनेजस्ता कार्यमा प्रयोग हुँदै आएको पाइन्छ । पानी जीवन भएकाले मानिसको जनजीवनसँग जोडेर विभिन्न ठाउँमा हिटी निर्माण गरेको देखिन्छ ।

हिटीको संरक्षण स्थानीयस्तरमा होस् भन्ने उद्देश्यले पनि हिटीहरूलाई धार्मिक परम्परा र महत्त्वसँग जोडेर स्थापना गर्ने प्रचलन रहेको पाइन्छ । यससँगै विभिन्न धार्मिक मान्यता विकास हुने क्रममा भक्तपुरमा 'गुपु हिटी सिकेवनेगु' परम्परा विकास भएको पाइन्छ । धार्मिक महत्त्वका यस्ता परम्परालाई जीवित बनाउनसके हिटीहरूको संरक्षण मात्र होइन दैनिक जीवनसमेत सहज हुने बताइन्छ । *रासस*

पृष्ठ १ बाट क्रमशः

## कमजोर सुरक्षा...

त्यस दिन पनि झडप भएको थियो । झडपमा छ जना घाइते भएका थिए । एक जना अझै अस्पतालमै उपचाररत छन् । अर्को, कारागार प्रशासनले नाइके परिवर्तन गर्न खोजेको छ । कैदीबन्दीमध्येबाटै नाइके चयन गर्ने भएकाले आफ्नो वर्चश्व जमाउन माथि उल्लिखित दुई समूहबीच विवाद हुँदै आएको थियो ।

यहीबीच प्रमुख जिल्ला अधिकारी गोगन हमालले शुक्रबार सञ्चारकर्मीहरूसँग कैलाली कारागारको समस्या हल भएको दाबी गर्दै भनेका थिए, 'कैदीका लिडरलाई बोलाएर सम्झाएका छौं । अब त्यस्तो समस्या आउँदैन भनेर प्रतिबद्धता गराएका छौं ।' हमालले शुक्रबारदेखि नै नयाँ सुरक्षा रणनीति बनाउने बताएका थिए । त्यस क्रममा उनले पुराना सुरक्षाकर्मीलाई हटाएर नयाँलाई जिम्मेवारी दिने भनेका थिए । त्यसो भनेको आठ घण्टा नबित्दै कारागारमा एक जनाको ज्यानै लिनेगरी हिंसात्मक घटना भयो ।

राष्ट्रिय मानवअधिकार आयोग सुदूरपश्चिमले पाँच दिनअघि नै कारागार प्रशासनलाई मजबुत सुरक्षा बनाउन निर्देशन दिएको थियो । आयोगले कमजोर सुरक्षा व्यवस्थाले घटना हुनेतर्फ सचेत गराएको थियो । ५९० जना कैदीबन्दीको सामूहिक निवेदनका आधारमा आयोगले कारागार कार्यालयलाई सचेत गराएको हो । तर, कारागार प्रशासनले बेवास्ता गर्दा घटना भएको पीडित कैदीबन्दीका आफन्तहरूले गुनासो गरेका छन् ।

सेती प्रादेशिक अस्पतालमा उपचार गराइरहेका एक जना कैदीबन्दीका आफन्त भन्छन्, 'हामीलाई घटना हुने भन्नेबारे पहिल्यै थाहा थियो । त्यहाँ विवाद भइरहेको थियो । हामीले प्रहरी प्रशासनलाई पनि भनेका थियौं तर कसैले चासो दिनुभएन । चासो दिएको भए घटना हुने थिएन ।'

निवेदक कैदीबन्दीहरूले आयोगमा बुझाएको निवेदनमा कारागार प्रशासनसँगको असहज सम्बन्ध, आन्तरिक व्यवस्थापनमा पारदर्शिताको अभाव, गैरकानुनी आर्थिक लेनदेन, लागुऔषध तस्करी, बाहच व्यक्तिहरूसँग अवैध सम्पर्क गराउने, मनमुटाव र मुठभेडको अवस्था सिर्जना गराउने प्रयास, चौकीदार र नाइकेको छनोटमा अनियमिता, र रातारात कैदी स्थानान्तरणजस्ता गम्भीर आरोपहरू उल्लेख गरेका थिए ।

यसपछि आयोगको सुदूरपश्चिम कार्यालय प्रमुख प्रकाशदत्त भट्टको नेतृत्वमा टोलीले कारागारको अनुगमन गरेको थियो । तत्काल सुरक्षा व्यवस्था बलियो बनाउँदै १५ दिनभित्र विवरण बुझाउन कारागार प्रशासनलाई निर्देशन दिएको थियो ।

तर, शुक्रबार राति हिंसात्मक घटना भयो । उक्त झडपको घटनाबारे र आयोगको टोलीले शनिबार स्थलगत अध्ययन गरेको छ । राष्ट्रिय मानवअधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख भट्ट नेतृत्वको तीन सदस्यीय टोलीले शनिबार घटनाबारे अध्ययन गरेको हो ।

### यी हुन् ४७ घाइते...

३२. शिव थापामगर, टिकापुर-१ कैलाली
३३. अर्जुन खड्का, धनगढी-१३ कैलाली
३४. पुष्पेन्द्र रानार, लखिमपुर खिरी वनगाउ भारत
३५. नरेन्द्र घरेडी, डिलासैनी-२ बैतडी
३६. देवेन्द्र सिंह, जानकी-२ कैलाली
३७. सञ्जु दमाई, बर्दगोरीया-३ कैलाली
३८. वीरेन्द्र चौधरी, गोदावरी-१ कैलाली
३९. मानवीर चौधरी, धनगढी-८ कैलाली
४०. मिलन चन्द, धनगढी-५ कैलाली
४१. वीरबहादुर विष्ट
४२. आयुश भट्ट, गोदावरी-२ कैलाली
४३. एकेन्द्र भाट, धनगढी-६ कैलाली
४४. सुरेश राना, पुनर्वास-१ कञ्चनपुर
४५. पकंज चौधरी, धनगढी-२ कैलाली
४६. मिनबहादुर विष्ट, अमरगढी-४ डडेलधुरा
४७. सुरेन्द्र बम, गोदावरी-८ कैलाली

उनले क्षमताभन्दा बढी कैदीबन्दी राखिएको, भौतिक स्रोतसाधानको अभाव रहेको र कैदीबन्दी स्थानान्तरण गर्दा परिवारका सदस्यसँग आवश्यक समन्वय नहुने गरेको पाइएको बताए । उनले भने, 'हामी अध्ययनकै क्रममा छौं, घटनाको कारणबारे अध्ययनपछि आयोगको केन्द्रीय कार्यालयमा प्रतिवेदन बुझाउनेछौं र त्यसपछि यसबारे विस्तृत जानकारी गराइने छ ।'

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजकुमार सिंहले कारागारको परिस्थिति नियन्त्रणमा रहेको र त्यसका लागि सबै व्यवस्थापन गरिएको बताए । 'उत्पन्न परिस्थितिलाई सामान्य बनाइराख्न कारागार परिसरमा पर्याप्त सुरक्षाकर्मी परिचालन गरेका छौं । सुरक्षा व्यवस्था चुस्त बनाउन सम्पूर्ण रूपमा रणनीति अपनाइएको छ । अब थप अप्रिय घटना हुन नदिन हामी सचेत छौं,' उनले भने ।

■■■

## असारे विकासको...

सडक हिलाम्मे हुँदा फोहोर उठाउन पनि त्यत्तिकै सास्ती छ । स्थानीयले फोहोर बटुलेर चोकसम्मै पुग्नु परिरहेको छ । अधिवक्ता एवं स्थानीयवासी भूपेन्द्र पोखेलले विकासका नाममा जनताको सामान्य हिँड्डुल गर्ने स्थितिको हेक्का नै नगरी सडक खन्नु गैरजिम्मेवारपूर्ण कार्य भएको बताए । सडक खन्ने पनि जनताले कसरी हिँड्डुल गर्लान् भनेर हेक्का नै नराखी काम गरेको उनले बताए । 'मान्छे कहाँबाट हिँड्छ त, सोच्नु पर्दैन ? विकासको नाममा भत्काएर अलपत्र छोड्ने होइन, त्यो पनि बर्खामासमा,' उनले भने, 'वडाले चाँडोभन्दा चाँडो हिलोबाटोलाई व्यवस्थापन गरेर हिँड्डुल गर्न सक्ने बनाउनुपर्छ ।'

कोटेश्वरदेखि शंखमूलस्थित स्कुलमा छोरा लिएर आउने शंकर कार्कीले हिलो सडकका कारण निकै समस्या भएको बताए । शंखमूल गणेशमार्ग नजिकै रहेको उक्त सडक बालकुमारी, कोटेश्वर, तीनकुने करिडोर भएर आउनेहरू आउजाउहरूले सास्ती भोगिरहेको उनको भनाइ छ ।

किराना पसल व्यापारी रमेश लामिछानेले असारे विकासका नाममा धमाधम सडक खनेर त्यत्तिकै छोड्दा आफूहरूको दैनिक गुजारा गर्ने व्यवसाय नै ठप्पजस्तै भएको बताए । 'वर्षाभरि हिलोले सताउने भयो, चैत-वैशाखमा धुलोले पिरोल्ने,' उनी भन्छन्, 'विकासको नाममा उल्टै नागरिकको दैनिकी नै नराम्ररी प्रभावित हुनेगरी काम गर्नु निन्दनीय छ ।'

यस विषयमा स्थानीय मिलेर वडा कार्यालयमा ध्यानाकर्षण गराइए पनि सुनुवाइ नभएको लामिछानेले गुनासो गरे । 'खाल्डो खन्दा सडकबाट निस्किएको हिलोलाई व्यवस्थापन गरेर अलिकति समथल बनाइदिए काम चल्थ्यो, तर यहाँ जसरी भत्काइयो, त्यस्तै छ । यो जनप्रतिनिधिको लापरबाही हो ।'

काठमाडौं महानगरपालिका-३१ का वडाध्यक्ष सरोज ढकाल ढल व्यवस्थापनसँगै अन्य काम पनि एकैपटक गर्ने योजनाका कारण गत आर्थिक वर्षको अन्तिममा सबै काम नसकिएपछि समस्या भएको बताउँछन् । '५० वर्षअघि राखिएको छ इञ्चको ढल प्रतिस्थापन गरी हाल ४२ इञ्चको ठूलो ढल राखिएको छ । खानेपानीको पाइप र बिजुलीका तार एकैसाथ बिछ्याउने तयारी भएको हुँदा यस्तो भएको हो,' उनले भने, 'पाइप, ढल राख्न सडक खन्नै पऱ्यो । हिलोमा ग्राभेल गर्न सकिँदैन । स्थानीयलाई गाह्रो भएको छ, तर अरू उपाय छैन । तीन-चार महिनापछि त पहिलेको भन्दा राम्रो सडक बनिहाल्छ नि !' *रासस*

■■■

## वैदेशिक रोजगारीमा...

उक्त आवमा श्रम स्वीकृति लिएकामध्ये उच्च दक्षको संख्या ७३२, व्यावसायिक दुई हजार ७७२, अर्धदक्ष ६० हजार १२३, दक्ष पाँच लाख ३२ हजार १२३ र अदक्ष एक लाख ४५ हजार ५४७ जना रहेको तथ्यांक छ ।

त्यसैगरी आव २०७९/८० मा पुरुष छ लाख ९९ हजार १९३ जना र महिला ७२ हजार १३४ जना गरी कूल सात लाख ७१ हजार ३२७ जना रोजगारीका लागि विदेसिएका थिए । जसमा उच्च दक्ष श्रमिकको संख्या २५७, व्यावसायिक एक हजार १५३, अर्धदक्ष ६० हजार ५५५, दक्ष पाँच लाख छ हजार ७४६ र अदक्ष दुई लाख दुई हजार ६१६ जना रहेका थिए ।

आव २०७८/७९ मा श्रम स्वीकृति लिनेको संख्या छ लाख ३० हजार ९० रहेकामा पुरुष पाँच लाख ८० हजार ९६२ र महिला ४९ हजार १२८ जना रहेका थिए । उक्त आवमा विदेसिएकामध्ये उच्च दक्ष १२५, व्यावसायिक ६८०, अर्धदक्ष ५४ हजार ३२८, दक्ष दुई लाख ९१ हजार ८८९, अदक्ष दुई लाख ८३ हजार ६८ जना थिए ।

त्यसअघि आव २०७७/७८ मा कूल एक लाख ६६ हजार ६९८ जना वैदेशिक रोजगारीमा गएका देखिन्छ । जसमा पुरुष एक लाख ५५ हजार २४२ र महिला ११ हजार ४५६ जना रहेका छन् । उक्त आवमा उच्च दक्ष ६१, व्यावसायिक २४६, अर्धदक्ष १५ हजार ५८३, दक्ष ७० हजार ४२६, अदक्ष ८० हजार ३८२ जना वैदेशिक रोजगारीका लागि गएका विभागको तथ्यांकमा उल्लेख छ ।

## तस्बिरमा जनैपूर्णिमा








१) पशुपतिनाथ मन्दिरको बागमती नदी किनारमा शनिबार जनैपूर्णिमाका अवसरमा पुरोहितबाट डोरो (रक्षासूत्र) बाँध्दै सर्वसाधारण ।
२) दाङको घोराही उपमहानगरपालिका-१८ स्थित कटुवा खोलाको शंखे पिपलघाटमा शनिबार बिहान जनैपूर्णिमाको अवसरमा स्नान गर्दै स्थानीय ।
३) तनहुँको देवघाट गाउँपालिका-५ स्थित गलेश्वर आश्रममा शनिबार बिहान जनै फेर्दै आश्रमका विद्यार्थी ।
४) रामेछाप र दोलखा जिल्लाको सिमानामा पर्ने शैलुङमा जनैपूर्णिमा एवं रक्षाबन्धनको अवसरमा लगेको मेलामा सहभागी हुँदै धामीझाँक्रीहरु ।
५) मानव सेवा आश्रम तुलसीपुरमा आश्रितलाई राखी बाँध्दै तुलसीपुर-३ निवासी भरत महतारा । *तस्बिरहरू: रासस*

# विधिपूर्वक मनाइयो ऋषितर्पणी, रक्षाबन्धन र जनैपूर्णिमा पर्व

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिनमा मनाइने ऋषितर्पणी, रक्षाबन्धन एवं जनैपूर्णिमा पर्व शनिबार स्नान गरी नयाँ यज्ञोपवित (जनै) धारणसहित डोरो बाँधेर मनाइएको छ ।

साउन महिनामा गरिने स्नान भएकाले यस पर्वलाई श्रावणी स्नान पनि भनिन्छ । सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु बृहस्पतिले रक्षा विधान तयार गरी 'जेले गर्दा अत्यन्त बलशाली दानवराज बलि बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित वन, विचलित नहोऊ' भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा यो पर्व मनाउन सुरु गरिएको हो ।

यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चांग निर्णायक विकास समितिका पूर्वअध्यक्ष प्रा.डा. रामचन्द्र गौतमले जानकारी दिए ।

मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको नाडीमा बाँधिदिएर यो पर्व मनाइएको छ । स्नानपछि जौ, तिल र कुशद्वारा ऋषिहरूलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवित) फेरिएको छ । यस दिन सप्तऋषिहरू काश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वामित्रलाई तर्पण दिने गरिन्छ । ऋषिलाई तर्पण गर्ने भएकाले जनैपूर्णिमाको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो । यसै दिन मन्त्रिएको जनै फेर्ने गरिएकाले श्रावण शुक्ल पूर्णिमालाई जनैपूर्णिमा पनि भनिएको गौतमले बताए ।

वैदिक गुरु परम्पराअनुसार यज्ञोपवित अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोका रूपमा मानिन्छ । जनैका दुई शिखामध्ये एउटा शिखामा रहने तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वरको प्रतीकका रूपमा पुजिन्छ । अर्को डोराको तीनवटा शिखालाई भने कर्म, उपासना र ज्ञानको त्रियोगका रूपमा लिइन्छ ।

जनैपूर्णिमाका दिन ११ थरीका गेडागुडी मिसाई भिजाएर टुसा उमारी क्वाँटी बनाएर खाने गरिन्छ । यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि तापको सञ्चार गर्छ भन्ने धार्मिक मान्यता छ । नेपालको तराई क्षेत्रमा भने शनिबारकै दिन दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर यो पर्व मनाइएको छ । यसबाट दिदीबहिनी र दाजुभाइका बीचमा प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ । राखी बाँध्ने परम्परा अहिले काठमाडौं उपत्यका र पहाडी जिल्लामा पनि सुरु भएको छ ।

यस अवसरमा शनिबार काठमाडौंको पशुपति, गोकर्णेश्वर, डोलेश्वर, सन्तानेश्वरलगायत शिवालय, उपत्यकाको उत्तर पूर्वी भेगस्थित मणिचुड, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, धनुषाको जनकपुरधाम, धनुषसागर र गंगासागर, जुम्लाको दानसाधु एवं नवलपरासीको त्रिवेणीधामलगायत ताल, पोखरी र कुण्डहरूमा मेला लागेको छ ।

### मनाइयो गुन्हु पुन्ही

नेवारी समुदायले श्रावण शुक्ल पूर्णिमालाई गुन्हु पुन्हीका रूपमा मनाएका छन् । विशेषगरी क्वाँटी खाने परम्परा नेवारी समुदायको यसै पर्वबाट आएको हो भन्ने तर्क पनि एकथरी संस्कृतिविद्को छ । यस दिन नेवारी समुदायका मानिसले घण्टाकर्ण राक्षसलाई समाप्त पार्न योगदान गरी मानवीयतालाई बचाउन सहयोग गरेको विश्वासमा भ्यागुतालाई पूजा गर्ने परम्परा रहिआएको छ ।

बौद्ध दर्शनलाई अँगाल्ने बौद्ध धर्मावलम्बीले भने यस दिनलाई भगवान् गौतम बुद्धले कामशक्तिमाथि विजय प्राप्त गरेको सम्झनाको दिनका रूपमा मनाउने गर्दछन् । बौद्ध धर्मग्रन्थ ललितबिस्तरमा यससम्बन्धी विस्तृत व्याख्या गरिएको छ । यसैकारण शनिबार स्वयम्भूमा पनि विशेष मेला लागेको छ ।

मिक्लाजुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रवि, पाँचथर, कोशी प्रदेश, नेपाल

गाउँपालिकाद्वारा गाउँबासीहरूलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

स्वास्थ्य सम्बन्धी गाउँपालिका बासीमा सचेतना

१) गर्मीयाममा अपनानुपर्ने कुराहरू
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔ ।

३) नवजात शिशुलाई स्याहार कसरी गर्ने
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं ।
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।



प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नेपाली राजनीतिमा वर्षैभरि गाईजात्रा

नेपाली राजनीति यस वर्ष गाईजात्रामय भयो । पहिलो र दोस्रो दलले सरकार गठन नगर्ने संसदीय परम्परालाई ध्वस्त पार्दै कांग्रेस–एमालेले सरकार गठन गरे । सुशासन कायम गर्ने वाचा गरे । तर, गिरिबन्धु प्रकरण, भुटानी शरणार्थी प्रकरण र बाँसबारीप्रकरण सामसुम पारे । यो भन्दा अर्को गाईजात्रा के हुन सक्ला र ?

अझ उधेकलाग्दो त प्रधानमन्त्री केपी शर्मा ओलीकै नेतृत्वमा सुशासन आयोग गठन भयो । जबकि, उनकै मन्त्रिपरिषद्मा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री रहेका राजकुमार गुप्ताले घुसकाण्डमा मुछिएर सत्ताबाट हात धुनुपऱ्यो । भूमि व्यवस्थामन्त्री बलराम अधिकारी पनि घुसकाण्डमा मुछिए । गृहमन्त्री रमेश लेखक भिजिट भिसामा मानव तस्करी गर्ने प्रकरणमा जोडिए । ऊर्जामन्त्री दीपक खड्काको नाम सेटिङ प्रकरणमा आयो । तर, पनि प्रधानमन्त्री ओली सुशासन आयोगको अध्यक्ष बने । 'म भ्रष्टाचार गर्दिनँ, अरुलाई पनि गर्न दिन्नँ' भनेर हाँक दिने ओली सरकारको यो भन्दा रोचक गाईजात्रा के चाहिँ होला र ?

दलहरूतर्फ हेर्दा यस वर्ष गाईजात्रारूपी दुई लाइने संघर्ष हरेक दलमा देखियो । प्रधानमन्त्री ओलीको दल एमालेमा त पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले रडाको मच्चाइन् । अन्ततः ओलीले एमालेको गेटबाटै उनलाई आउट गरे । दुई कार्यकाल अध्यक्ष र ७० वर्ष उमेर हद हटाए । अरुलाई नेतृत्वमा छेक्न बनाइएको यस्तो प्रावधान आफ्ना लागि भने हटाएर खुला गरे । जहिले गाईजात्रा देखिने कांग्रेसमा यसपटक पनि नदेखिने कुरै भएन । कांग्रेसको शेखर कोइराला समूह त स्थायी प्रतिपक्षीजस्तो देखियो । चुनावमा अन्तर्घातको आरोपमा अनुशासनको कारबाही सभापति देउवापक्षले गर्दा यो समूहका नेताहरूले तीन फिट उफ्रिँदै विरोध गरे । बागमतीमा आफ्नै सरकार ढाले ।

माओवादीको पार्टी सत्तामा ३६ वर्षदेखि विराजमान पुष्पकमल दाहालले पार्टी फुटाउन लागेको आरोप लगाएर जनार्दन शर्मालाई कमजोर बनाए । उनै दाहालले भने सत्ताका लागि जहिल्यै खुट्टा उचालिरहे । उनी सत्ताको छटपटिमा देखिए । सरकार ढल्ने दिनगिन्ती गरे । स्टन्टवाजी दल रास्वपाले हालै अदालतलाई चुनौती दिँदै सहकारी ठगी आरोपी रवि लामिछानेको नाममा हस्ताक्षर संकलन गऱ्यो । शनिबार त रविको कटआउटमै रक्षा बन्धन बाँधी दिए । यी सबै गाईजात्रालाई मात खुवाउने गतिविधि हुन् ।

संसद्को पाँचौ दल राप्रपा र राजावादी शक्तिहरू ज्ञानेन्द्र शाहलाई फेरि राजा बनाउन तम्सिए । ज्ञानेन्द्र पनि राजा भइएला कि भन्नेमा थिए । सडकमा केही हजार जनता पनि देखिए । तर, यतिबेला राजा ल्याउने भन्ने ठूलो दल राप्रपा फुटको डिलमा छ । अध्यक्ष राजेन्द्र लिङ्देन र महामन्त्री धवलशमशेर जबरा आपसी शक्ति संघर्षमा छन् ।

नेकपा एकीकृत समाजवादीमा हालै अध्यक्ष माधवकुमार नेपाल र झलनाथ खनालको भीषण संघर्ष चलिरहेको छ । एकले अर्कालाई 'पार्टीबाट बाहिर जा' भन्न थालेका छन् । साना दलका ठूला विवाद भन्ने यो दलमा देखिएको छ । नयाँ भनिएका दुई दल जनमत र नागरिक उन्मुक्तिमा पारिवारिक झगडा देखियो । जनमत अध्यक्ष डा. सिके राउतले त श्रीमतीसँग सम्बन्ध विच्छेद नै गरे । नाउपा अध्यक्ष रञ्जिता श्रेष्ठ र संरक्षक रहेका श्रीमान् रेशमलाल चौधरीबीच कटुतापूर्ण सम्बन्ध छ । अलग हुने स्थितिमा दुई नेता पुगेका छन् र पार्टीलाई छिन्नभिन्न बनाउनेतिर उनीहरूको झगडा केन्द्रित छ । यी दृष्टान्तले नेपाली राजनीतिक दलहरू वर्षैभरि गाईजात्रा देखाउनमै व्यस्त भएको प्रस्ट देखाउँछ । अनि यी 'गाईजात्रे' दलहरूबाट के आशा गर्नु ?

## श्रम सरोकार

# साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

### अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिठ्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

### अनलाइन किनमेल वा वित्तीय कारोबार गर्दा सावधानी अपनाउने

आधिकारिक वेबसाइटहरू वा एप्सबाट मात्र बिलको रकम तिर्ने । आफ्नो डेबिट/क्रेडिट कार्डको विवरण वा अन्य संवेदनशील जानकारी अनधिकृत वा शंकास्पद वेबसाइटहरूमा नबाँड्ने ।

# गाईजात्रा एक, कथा अनेक



■ पदम श्रेष्ठ

> मृत्युलाई शाश्वत् सत्यका रूपमा आत्मसात् गर्दै जीवनमा राम्रो काम गरे हाँसोको पात्र बन्नु पर्दैन भन्ने सन्देशका साथ देशभर नेवार समुदायले गाईजात्रे झाँकी प्रदर्शन गर्छन् । मृतात्माको स्मरण सुःखावती भुवनमा वास र निर्वाणको कामना गर्दै प्रत्येक वर्ष गुँलागा पारूका दिन मृतकका घर-घरबाट साःया अर्थात् गाईजात्रा निकाल्ने परम्परा छ ।

> गाईजात्रा राजा प्रताप मल्लदेखि सुरु भएको भनिएता पनि मृतकको नाउँमा झाँकी निकाल्ने परम्परा गोपाल राजवंशावलीमा उल्लेख भएअनुरूप राजा जयस्थिति मल्लको राज्यकाल ने.सं. ५०० तिर पनि मृतकको घरबाट गीत गोविन्दावली गाउँदै देश परिक्रमा गर्ने परम्परा थियो भने ललितपुरको लुभुमा नयाँ घर निर्माण गरिँदा धाःधिमे बाजा बजाउँदै देश परिक्रमा गर्ने चलन अझै छ ।

मृत्युलाई शाश्वत् सत्यका रूपमा आत्मसात् गर्दै जीवनमा राम्रो काम गरे हाँसोको पात्र बन्नु पर्दैन भन्ने सन्देशका साथ देशभर नेवार समुदायले गाईजात्रे झाँकी प्रदर्शन गर्छन् । मृतात्माको स्मरण सुःखावती भुवनमा वास र निर्वाणको कामना गर्दै प्रत्येक वर्ष गुँलागा पारुका दिन मृतकका घर-घरबाट साःया अर्थात् गाईजात्रा निकाल्ने परम्परा छ ।

जुन व्यंग्यात्मक हास्यव्यंग्य प्रहसन नेवार समाजबाहेक पनि गाईजात्रे पत्रपत्रिका, नाटक तथा सञ्चारका माध्यमबाट राष्ट्रिय चाडको रूप धारण गरिसकेको छ । आख्यानुसार ने.सं. ७७५ कालीन राजा प्रताप मल्लका कान्छा राजकुमार चक्रवतीन्द्र मल्लको शीतला रोगका कारण मृत्यु हुन पुग्दछ । राजकुमारको मृत्युमा भावविह्वल रानीलाई शान्त राख्न राजाले मृत्यु भएकाको घरबाट उनैको नाउँमा गाईजात्रा निकाल्न उर्दी जारी गरे । देशवासीले मृतकका नाउँमा निकालेको सापारु झाँकी हास्य प्रहसन देखेर रानीमा अनित्य संसारको सत्य ज्ञान भई आत्मसन्तुष्टि मिलेको बताइन्छ ।

गाईजात्रा राजा प्रताप मल्लदेखि सुरू भएको भनिएता पनि मृतकको नाउँमा झाँकी निकाल्ने परम्परा गोपाल राजवंशावलीमा उल्लेख भएअनुरूप राजा जयस्थिति मल्लको राज्यकाल ने.सं. ५०० तिर पनि मृतकको घरबाट गीत गोविन्दावली गाउँदै देश परिक्रमा गर्ने परम्परा थियो भने ललितपुरको लुभुमा नयाँ घर निर्माण गरिँदा धाःधिमे बाजा बजाउँदै देश परिक्रमा गर्ने चलन अझै छ । बौद्ध परम्परानुसार मृतकका नाउँमा गुँलागा द्वितीया गाईजात्राको भोलिपल्ट ललितपुरको मंगलबजारबाट निकालिने मतयाः दीपयात्रा नेकू वा श्रृंगभेरी जात्राको इतिहास केशर पुस्तकालयमा उल्लेख भएअनुसार राजा गुणकामदेवको राज्यकालमा नै पुनःउत्थान भइसकेको खुल्दछ । समष्टिगतरूपमा सापारु गाईजात्रा स्थान विशेष ऐतिहासिक आधारमा छुट्टाछुट्टै झाँकी प्रदर्शन गरिने परम्परा रहेको खुल्दछ ।

### श्रृंगभेरी नेकुजात्रा

चक्रवही, इखाछें बुबहाल, हौग, वकुवहाः, इखालखु, कोवहाः, सौगः, नःवही, मंगःप्याल, ललितपुरका यी १० टोलले पालैपालो प्रत्येक वर्ष गाईजात्राको भोलिपल्ट नेकुजात्रा-मतयाः जात्राको पालो लिन्छन् । भदौ कृष्ण द्वितीयाका दिन ललितपुर बुद्ध चैत्यस्थलमा मृतकका नाउँमा दीपदान गर्ने र राँगाको सिङ बजाउँदै नगरपरिक्रमा गर्ने हुँदा यस पर्वलाई मतया-नेकुजात्रा भनिएको हो ।

पालोवाल टोलमा जम्मा भई बिहान ६ देखि साँझ झण्डै ७ बजेसम्म १२ घण्टा देवताको नाउँमा धूप, दीप, नैवेद्य, चौमरी, मतया मरी, कपुर, दक्षिणा, अबिर, अक्षता, हलः, अमला आदि चढाउँदै मृतात्माका लागि शान्तिको कामना गर्नु यस पर्वको विशेषता हो । कोही-त बुद्धस्थलमा जीउ नापेर परिक्रमा गर्ने, कसैसँग नबोल्ने व्रतसमेत गर्दछन् । मतयाःमा एकातिर राँगाको सिङ नेकुबाजा र अर्कोतर्फ ज्यापू समुदायद्वारा बाँसुरी, ढोलक, मगःखि बजाई भजन गाउँदै देश परिक्रमा गर्नु कम रमाइलो हुँदैन । बीच-बीचमा युवायुवतीहरू अनेक प्रकारको मुकुण्डो पहिरेर हास्य झाँकी देखाउँछन् । लिच्छवि राजा बालार्चनदेवद्वारा थालिएको मतया नेकुजात्रा राजा सिद्धिनरसिंह मल्लले पुनःजागृत गरेको विश्वास गरिन्छ । नेपाल संवत्को नवौं महिना, नौ प्रकारकै बाजा मतयाः जात्रामा बजाइने नेकुबाजा हुने गर्दछ । नेकु भन्नाले सिङ हो । यस बाजालाई श्रृंगभेरी पनि भनिन्छ । यस प्रकारको नौ बाजामा मुख्य धाःबाजा हो । त्यसपछि धिमेय, नायःखिं, दमःखिं मृदंगा, ढोलक, डमरु, कोंचाखिं, नगरा, ढचांग्रा दःयो, मगःखि, ज्वःनगरा, खंचरी, काशी बाजा, दक्षिण बाजा, खिं र डबडब (डमरु) आउँछन् । उल्लिखित बाजाको साथमा पञ्चताल पँयताः र राँगाको घुम्रिएको सिङलाई विशेष तरिकाले सिँगारी नेकुबाजा बनाइएको हुन्छ । आख्यानुसार सिंहकेतु राजाको कार्यकालमा शशिपत्तन नगरमा रानी सुलक्षणा अति धर्मकर्ममा विश्वास गर्थिन् । राजा सिकार खेली निर्दोष पशुपन्छीको हत्या गर्ने कारण रानीले धेरै सम्झाउँथिन् तर नमानेपछि कालगतिको कारण एक दिन दुवैको मृत्यु हुन्छ । पशुहत्याको विपाकको कारण राजा एक ब्राह्मणको घरमा राँगाको रूपमा र रानी ब्राह्मणकी छोरी रूपमतीको रूपमा जन्मिन्छन् । राँगा भीरबाट खसेर मरेछ, पूर्वानुस्मृतिको कारण ब्राह्मणकी छोरी रूपमतीले मृतक राँगो आफ्नो पति भएको थाहा पाई राँगाको हाडखोर जम्मागरी बुद्धचैत्य निर्माण र सिङबाट बाजा बनाएको विश्वास गरिन्छ । यस सन्देशलाई आत्मसात् गर्न ललितपुरमा श्रृंगभेरी नेकुजात्रा र दीपयात्रा हुँदै आएको छ ।

### गाईजात्रा

काठमाडौंवासी नेवारहरूले मृतकका नाउँमा मानवलाई नै सेतो जामा, छवालीको जनै, टाउकोमा अगाडि गाईको अनुहार अंकित चित्र र पछाडि गणेशको चित्र लेखिएका मुकुण्डो शृंगार गरी बाजागाजासहितको गाईजात्रा निकाल्छन् भने दोस्रो पहेँलो वस्त्र पहिरेर फेटा बाँधी चिम्टासहित कमण्डलु लिई जोगी भेषमा र तेस्रो गाईलाई नै सिँगारेर नगरका विभिन्न स्थानबाट निकाली हनुमानढोका दरबार परिक्रमा गराइन्छ । मृतकका घरघरबाट पुरी, जुलेबी, फलफूल, नगद, दूध आदि द्रव्य दान गर्दा १०८ प्याकेटदेखि १००८ प्याकेटसम्म पुऱ्याइन्छ । यसरी गाईजात्रा निकाले वा दान गरिए सिठी नःखःका दिनदेखि बन्द रहेको यमलोकको ढोका खुल्छ र मृतक सजिलै स्वर्ग प्रवेश गर्छ भन्ने मान्यता पाइन्छ । गाईजात्रापछि घर फर्किएकालाई घरको मूलढोकामा हातखुट्टा धुवाएर घर भित्र्याइन्छ ।

### कीर्तिपुरको पाँगा, मच्छेगाउँमा बाःचाहिले जात्रा

यहाँ गाईजात्राको एक दिनअगाडि गुँपुन्हीका दिन राति बाःचाहिलेका नाउँमा मृतकका नाउँमा धूप, दीप र दक्षिणा बुद्ध चैत्य विहार परिक्रमा गर्दै चढाउने गर्दछन् । गाईजात्राका दिन झयाझयाँ पापाको नाउँमा रंगीविरंगी देवीदेवता ख्याली भैरवको मुकुण्डो पहिरिएर देश परिक्रमा गराइन्छ । धा, पयँता बाजाको तालमा देश परिक्रमा गर्दै बाघभैरव मन्दिरअगाडिको नारायण मन्दिरबाट पोखरीमा राँगाको खुट्टा फयाँक्छन् । जुन खुट्टा सहभागीहरूले हानथाप गरी लुटेर रमाइलो गर्ने गर्दछन् । त्यसैगरी कीर्तिपुरको पाँगामा गाईजात्राका दिन घुँसी गणेशस्थान (पिगंद्य)मा मृतकको घरघरबाट जम्मा हुन्छन् र नौ देखि ११ जनासम्मको सामूहिक गाईजात्रा देश परिक्रमा गराउने चलन छ । साँझ लायकुअगाडिको हयँ पोखरीमा राँगाको टाउको-खुट्टा फयाँकी लिने प्रतियोगिता हुने गर्दछ । त्यस्तै कीर्तिपुरको मच्छेगाउँमा ग्वाः टोल, सायमिटोल र नायःटोलबाट लाखेजात्रा निकालिन्छ भने गाईजात्राका दिन नारायण देवस्थलमा गाईजात्रा, ख्याली भेला भई परिक्रमा गराइन्छ ।

### भक्तपुर ख्वपको घिन्ताकिसी जात्रा

उपत्यकाका गाईजात्रामध्ये भक्तपुरको गाईजात्रा विशिष्ट पाइन्छ । घिन्ताकिसी भनिने भक्तपुरको गाईजात्रामा मृतकका घरघरबाट छवाँली, लामो बाँस, काठ प्रयोगगरी तायमचा खट निर्माण गरिन्छ र मृतकको फोटो राखेर पुरोहितद्वारा पूजा गरी बाजागाजाका साथ नगर परिक्रमा गराइन्छ । राजनीतिक घटनालाई प्रस्तुत गर्दै तायमचा खटको पछिपछि ख्याल प्याखँ, खिंःद्याः धिमे बाँसुरी बाजाको तालमा कथि प्याखँ (लठ्ठी नृत्य) प्रदर्शन गरिन्छ । नृत्यका लागि उगःलुसी तकू, चिकू, अयलाः लुइम्ह र त्वनीम्ह बजि इनिम्ह कलाकारको भूमिकासहित देश परिक्रमा गरिन्छ । घिन्ताकिसीको समापन न्यातपोल (पाँचतले मन्दिर) र भैरवनाथमा हुन्छ ।

### खोकनाको बाखी हत्या गाईजात्रा :

ललितपुरको खोकनामा निकालिने गाईजात्रामा दुई जना मानिसले हलो जोत्ने बेलामा जस्तै बीचमा घण्टी झुन्ड्याएर बोक्छन् । पुरानो भान्ता लुगा पहिरिएका ती गाईजात्रेहरू अनेक हाउभाउ कटाक्ष प्रयोग गरी हँसाउँदै देश परिक्रमा गर्दछन् । दिउँसो सिकाली अजिमा अगाडिको पोखरीमा जिउँदो बाखी फयाँकेपछि युवाहरूको ठूलो जमातले लुछाचुँडी गर्दै बहादुर पुरुषको पद धारण गर्न प्रतिस्पर्धा गर्दछन् । वर्ष पुरुष घोषणा हुनुअघि बाखीको लुछाचुँडीमै मृत्यु भइसकेको हुन्छ । यो वीभत्स गाईजात्रे पर्व मानिन्छ ।

### ग्वल पशुपति र नरहाँडी गाउँमा पायो जात्रा

पाशुपत क्षेत्रमा गाईजात्राको भोलिपल्ट रोपाइँजात्राका दिन (गुँलागा द्वितीया) नवदुर्गा जगाउन नौ जनाको पायो निकालिन्छ भने नेपाल भाषामा ग्वल (ह) ८१ संयोजनयुक्त बस्तीलाई जगाउन वर्षभरि मृतात्माको कामना गर्दै बाजागाजाका साथ परिक्रमा गरिन्छ । लिच्छविकालीनबस्ती हाँडीगाउँमा द्यःछेंबाट खड्गधारी पायो निकाली खि बजाएर रोपाइँजात्रा गरिन्छ ।

### वैदिक नेवारको उपाकल साया

ललितपुरमा बौद्ध मतावलम्बीजस्तै वैदिक नेवार (शर्मा, राजोपाध्याय) हरूले गुँलागा पञ्चमीका दिन मंगलबजारबाट उपाकल साया (गाईजात्रा) निकाल्छन् । कसैकसैले त्वाकल साया पनि भनिने यो गाईजात्रामा नृसिंह देवताको दायाँ लक्ष्मी, बायाँ सरस्वती र अगाडि भक्त प्रल्हाद बिन्तीमुद्रामा पछाडि-पछाडिबाट हिँड्ने गर्दछन् । नृसिंह दैत्यको प्रतिक कपडाको पुतलीलाई घिसारेर नगर परिक्रमा गराइन्छ ।

## पाठक मञ्च

# तीजको दरः समाज सुध्रिएको कि आर्थिक मन्दीले छोएको ?

हिन्दू महिलाहरूको प्रमुख चाडका रूपमा मनाइने तीज आउन अब केही दिनमात्र बाँकी छ । विगतका वर्षहरूमा तीज आउनु महिनाअगावै महिलाहरूले दर खान थाल्थे । विभिन्न पार्टी प्यालेस, आफन्तकहाँ तीजको दर खाने कार्यक्रमको आयोजना गरिन्थ्यो । गरगहना लगाएर र महँगा कपडा भिरेर दर खाने कार्यक्रममा जान महिलाहरूलाई भ्याइनभ्याइ हुन्थ्यो ।

यता, सहकारीहरूले पनि तीजको अवसरमा विभिन्न कार्यक्रमको आयोजना गर्थ्यो । तीज महिलाको कार्यक्रम भए पनि दर खान पुरुष सेयर सदस्यहरू पनि पुग्थे । तीजको नाममा जाँडरक्सी खाएर समाजमा बेथिति मच्चाइथ्यो । तर, यस वर्ष कतै त्यस्तो देखिएको छैन । यसको प्रमुख कारण हो- बैंक तथा वित्तीय संस्था डुब्नु र आर्थिक मन्दी हुनु ।

सहकारीहरू डुबेपछि नाटकचटक सकिएको छ । लघुवित्तको अवस्था पनि त्यस्तै छ । अर्कोतर्फ, सर्वसाधारण आर्थिक मन्दीको चपेटामा छन् । सर्वसाधारणसँग पैसा छैन । त्यसैले त तीज आउन लगभग तीन साता बाँकी हुँदा पनि पार्टी प्यालेसहरू सुनसान छ । कार्यक्रमको पर्खाइमा रहेको पार्टी प्यालेसहरू तीजमा पनि सुक्खाराम हुने देखिएको छ ।

तीज नजिकिएसँगै सुन पसलमा व्यापक चाप देखिन्थ्यो । लुगा पसलमा पनि अत्यधिक भीड हुन्थ्यो । माछामासु र डेरीलाई तीज आउन लाग्दा भ्याइनभ्याइ हुन्थ्यो । तर कपडा, माछामासु र डेरीमा त्यति ग्राहक छैनन् । बरु, पहिलेको भन्दा घटेका छन् ।

तीज आफ्नो परिवारको सुःस्वास्थ्यका लागि मनाइने चाड हो । तर, पछिल्लो समय यो चाडले समाजमा धेरै नै बेथिति फैलाएको थियो । तैले बढी गहना लगाउने कि मैले ? भनेर होडबाजी नै चल्थ्यो । आस्थाले होइन कि देखावटी रूपमा तीज मनाउन थालियो । तीज आउनुभन्दा तीन महिना अगाडिदेखि नै दर खान थालिन्थ्यो । दरमा पनि रक्सी, बियरलगायतका पेय पदार्थ राखिन्थ्यो । पहिलेपहिले तीज आउनुभन्दा केही दिनअगाडि दाजुभाइ आफ्नो दिदीबहिनीलाई लिन जान्थे ।

तीजको अघिल्लो दिन घरपरिवार र आफन्तले मिलेर दर पकाउँथे । दरमा पनि सबै शाकाहारी र घरमै बनेका परिकारहरू हुन्थ्यो । दर खाएर भोलिपल्ट व्रत बसिन्थ्यो । आफ्नै घरमा नाँचगान गरिन्थ्यो । तर, बैंक तथा वित्तीय संस्थाले तीजको नाममा सेयर सदस्य, बचतकर्ताहरूलाई महिनौं अगाडिदेखि दर खुवाउन थाले । त्यही प्रवृत्तिको विकास हुँदै गयो । देखाउनका लागि पनि पार्टी प्यालेसमा तीजको कार्यक्रम आयोजना गर्ने क्रम सुरु भयो । तीजलाई बिगार्नुमा कलाकारको पनि भूमिका छ । चेलीबेटीको गीत गाउनुपर्नेमा समाजलाई भड्काउने खालको गीत गाउन थालियो ।

झन् पछिल्लो समय तीज गीत भन्दै एकदमै छाडा गीत ल्याइएको छ । सरकारले त्यस्ता छाडा गीतमा प्रतिबन्ध लगाउन सकेको छैन । नागरिकको आइडल बन्नुपर्नेहरूले नै समाजलाई भडखालोमा लगेर हाल्दै छन् । नेता, कलाकारबाट जनताले धेरै कुरा सिक्छन् । तर, उनीहरूले आफ्नो फाइदाका लागि जानाजान जनतालाई नकारात्मक कुरा सिकाइरहेका छन् । नेताहरू पनि तीजको कार्यक्रमको आयोजना गर्थे । आफ्नो पार्टीको सदस्यता बढाउनका लागि नेताहरूले भ्रष्टाचार गरेको पैसाले तीजको कार्यक्रम गर्थे ।

तर, जनताले त्यो भ्रष्टाचार गरेको र राजस्व छलेको पैसा हो भनेर बुझेनन् । एकातिर नाम कमाए, अर्कोतिर चुनावमा भोट बढाए । तीज त नेताहरूका लागि भोट बढाउन राम्रो माध्यम बनेको थियो । चाडबाडका नाममा बेथिति फैलाउनमा राजनीतिक दलको पनि हात छ ।

महिनौं अगाडिदेखि दर खाएर समाजमा विकृति फैलाउनुको साटो समाजसेवा गरौं भन्ने भावना न नेतामा आयो न कलाकारमा । न बैंक तथा वित्तीय संस्था र जनतामा त्यो सचेतनाको विकास भयो । ठग्ने र मोजमस्ती गर्नेमै सबै रुमल्लिए । तीजमा दर खाने कार्यक्रमले कुनै ठाउँमा पुल बनाइदिए हुन्न ? स्कुल बनाइदिए पुस्तौं पुस्ताले पढ्छन् । कुनै व्यक्ति शिक्षित हुनु भनेको देश विकास हुनु हो । तर, यो कुरा कसैले सोचेनन् । खाएका छन्, खान नसके, टोकरीमा लगेर फ्याँकेका छन् । जबकि, यहाँ खान नपाएर बाटोमा माग्न बसेकाहरू लाखौं छन् । तिनीहरूको सामुन्ने कहिल्यै हात खुल्दैन तर कार्यक्रम गर्दा लाखौं लाख उडाउँछन् ।

यहाँ त बुवाआमा भ्रष्टाचार गरेर ल्याउँछन्, छोराछोरीले मोजमस्ती गर्छन् । छोराछोरी पनि त्यही बाटो हिँड्छन् । अनि कसरी समाज परिवर्तन हुन्छ ? जनतामा चेतना आउँछ ?

**– अनुसा थापा, भक्तपुर**

# सीप हस्तान्तरण नहुँदा हराउँदै जनै बनाउने चलन

**मध्यविन्दु (नवलपरासी)–** नयाँ पुस्तामा सीप हस्तान्तरण नहुँदा हिन्दू धर्मावलम्बीले मात्र प्रयोग गर्ने जनै बनाउने प्रचलन हराउँदै जान थालेको छ। हिजोआज जनै घरमा नै तयार पार्ने प्रचलन हराउँदै गएपछि बाह्य उत्पादनको भर पर्नुपर्ने अवस्था सिर्जना भएको छ।

युवापुस्ता रोजगारी तथा अन्यकार्यमा व्यस्त रहने हुँदा पनि जनै तयार पार्ने सीप सिक्न नसक्दा अहिले यो सीप नै लोप हुने अवस्थामा पुगेको हो। युवापुस्ताले जनै बनाउनेकार्यमा चासो नदिने तथा सुलभ मूल्यमा बजारमा जनै पाइने भएकाले यो क्रम हराउँदै गएको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) कावासोती नगरपालिका-६ का पूर्ण भुसालले बताए। 'अधिकांश युवा वैदेशिक रोजगारीमा गएकाले पनि जनै बनाउने सीप नहुँदा हिजोआज यो क्रम हराउँदै गएको छ,' उनले भने, 'आफैंले बनाउनुभन्दा बजारमा किन्न सजिलो हुने भएपछि सबैले त्यसै गर्न थालेका छन्।'



केही वर्ष अगाडिसम्म जनै बनाएर आफन्तलाई पनि दिने गरेको भएता पनि पछिल्लो समय बजारबाट खरिद गरी प्रयोग गर्ने गरेको मध्यविन्दु नगरपालिका-७ का मणि सापकोटाले बताए। 'आजकाल अधिकांश युवा विदेश छन्, भएका पनि रोजगारीमा लागेका छन्। फुर्सद नहुँदा नयाँ युवाले जनै बनाउने सीप नै सिक्न छाडे,' उनले भने, 'अधिकांश गाउँघरमा युवा पुस्ताभन्दा वृद्धवृद्धा र महिला बालबालिकामात्र हुँदा पनि जनै बनाउने मान्छे पनि नभएर यो सीप हराउँदै गयो।'

गाउँमा अहिले जनै बाट्नै छाडिसकेको सापकोटाले बताए। जनैपूर्णिमाका लागि बजारबाट मेसिनले बाटेको जनै खरिद गरेर ल्याएको उनले बताए। बजारमा विदेशबाट आयातीत र विभिन्न मेसिन तथा उपकरण प्रयोगबाट बनाइएका जनै फरक-फरक मूल्यमा उपलब्ध हुने गरेका छन्। नयाँ जनै फेर्नुपर्ने हिन्दू संस्कारमा रहिआएको मान्यताअनुसार जनैपूर्णिमाका लागि जनैको कारोबार पनि ठूलै हुने गरेको पाइन्छ।

विगतका वर्षमा गाउँघरमा ब्राह्मण तथा क्षेत्री समुदायका व्यक्तिले एक महिनाअघिदेखि नै जनै बाट्न सुरु गर्ने गरेको र त्यो जनै नै उत्कृष्ट जनै रहने गरेको पण्डित इन्द्रप्रसाद गौडेलले बताए। 'आफ्नै हातले धागो संग्ल्याएर, कतुवामा बाटेको जनै नै राम्रो हो, हिजोआज मेसिनको प्रयोगबाट जनै लगाउनु बाध्यता भइसक्यो,' उनले भने, 'भारतबाट आउने जनै निकै सस्तो हुन्छ, तर त्यसको बनावटी राम्रो र उपयुक्त हुँदैन।'

पछिल्लो समय हिन्दू धर्मावलम्बीको पवित्र पर्वको रूपमा मनाइने जनपूर्णिमाको महत्त्व नयाँ पुस्ताले बिर्सँदै गएको पण्डित गौडेलले गुनासो गरे। 'रक्षा बन्धनका दिन नजिकैको धार्मिक मठमन्दिरमा गएर विधिपूर्वक पूजाआजा गर्नुपर्ने भएता पनि बजारमा भित्रिएका जनै र धागोलाई प्रयोग गर्न थालिएको छ,' उनले भने, 'आधुनिकताको नाममा र युवापुस्ता व्यस्त रहने हुँदा संस्कृति लोप हुने अवस्थातिर पुग्ने हो कि भन्ने चिन्ता थपिएको छ।'

जनैपूर्णिमा (रक्षा बन्धन)का दिन इष्टमित्रसँग जनै लगाउने र रक्षा बन्धन बाँध्नाले शत्रुबाट रक्षा हुने जनविश्वास रही आएको छ। 'तागाधारीले कश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, विश्वामित्र र अरुन्धतीसहित सप्त ऋषिलाई तर्पण दिने भएकाले जनैपूर्णिमालाई ऋषि तर्पणी पनि भन्ने गरिएको छ,' पण्डित गौडेलले भने, 'हिन्दू धर्मावलम्बीले यस पूर्णिमाको दिन नजिकैको तीर्थस्थलमा गई मन्त्रोच्चारण गरी विधिपूर्वक पूजाआजा गरेर घरमा लगेको जनै र रक्षा बन्धन लगाएर जनैपूर्णिमा पर्व मनाउने परम्परा रही आएको छ।' *रासस*



**राखी बाँध्दै** | राखी पर्वको अवसरमा सुनसरी सदरमुकाम इनरुवा-३ मा शनिबार दिदीबहिनीले दाजुभाइलाई राखी (रक्षा)सूत्र बाँधिदिँदै।
*तस्बिर: अजितकुमार झा/रासस*

# पर्वतका ३१ विद्यालय विद्यार्थीविहीन

**पर्वत–** बढ्दो बसाइँसराइ र गुणस्तरीय शिक्षाको खोजीमा गाउँहरू रित्तिदै जाँदा पर्वतमा ३१ वटा सामुदायिक विद्यालयमा विद्यार्थीविहीन भएका छन्। जिल्लाका सातवटै पालिकामा रहेका ३१ सामुदायिक विद्यालय विद्यार्थीविहीन बनेका हुन्।

शून्य विद्यार्थी हुने अधिकांश विद्यालय आधारभूत र प्राथमिक तहका रहेका छन्। लामो समयदेखि विद्यार्थी संख्या शून्य भइसक्दा पनि विद्यालयहरू समायोजन गर्ने प्रक्रियासमेत थालिएको छैन।

जिल्लाका सात स्थानीय तहमा २७२ सामुदायिक विद्यालय रहेका छन्। विद्यार्थी शून्य हुनेमा एक माध्यमिक तहको विद्यालयसमेत रहेको छ। जिल्ला शिक्षा समन्वय एकाइ पर्वतले दिएको जानकारीअनुसार विहादी गाउँपालिकामा दुई सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या शून्य रहेको छ। मोदी गाउँपालिकामा नौ विद्यालयमा विद्यार्थी संख्या शून्य भएको छ। यसैगरी फलेवास नगरपालिकामा छ वटा सामुदायिक विद्यालयमा विद्यार्थी संख्या शून्य पुगेको हो भने कुश्मा नगरपालिकामा विद्यार्थी संख्या शून्य भएका आठ सामुदायिक विद्यालय रहेका एकाइले जानकारी दिएको छ।

यस्तै जलजला गाउँपालिकामा चार सामुदायिक विद्यालयमा विद्यार्थी शून्य रहेको भने दक्षिण पर्वतको पैयूँ गाउँपालिकाका दुई सामुदायिक विद्यालयमा विद्यार्थी संख्या शून्य रहेको जिल्ला शिक्षा समन्वय एकाइ पर्वतका प्रमुख मतिलाल चपाईले जानकारी दिए। उनका अनुसार फलेवास नगरपालिका-५ मा रहेको ध्रुव नमूना माध्यमिक विद्यालयसहित ३१ सामुदायिक विद्यालयमा विद्यार्थी संख्या शून्य रहेको भए पनि स्थानीय तहहरूले समायोजन गर्ने वा शिक्षकलाई विद्यार्थी भएको विद्यालयमा खटाउने काम नगरेको बताए।

शून्य विद्यार्थी संख्या हुँदा पनि सञ्चालनमै रहने विद्यालयहरूमा कुश्मा नगरपालिकाभित्रका हर्राचौर प्रावि, जनजागृति प्रावि, जनकल्याण प्रावि, मराङसिंह प्रावि, सहिद शुक्र प्रावि ठूलीपोखरी, धौलागिरि प्रावि, जनता प्रावि रहेका छन्। जलजला गाउँपालिकामा शून्य विद्यार्थी हुने विद्यालयहरूमा जनचेतना प्रावि शालिजा, सर्वोदय आधारभूत विद्यालय शालिजा, स्वस्वती आधारभूत विद्यालय धाइरीड रहेका हुन्।

यसैगरी फलेवास नगरपालिकामा शून्य विद्यार्थी हुनेमा श्री बाल प्रावि, ध्रुव नमूना मावि, सूर्योदय प्रावि, जनता प्रावि लिमिठाना, तीनधारे प्रावि, मनकामना प्रावि, बेतेयानी प्रावि, देउराली प्रावि र भवानी प्रावि रहेका छन्। यसैगरी दक्षिण पर्वतको पैयूँ गाउँपालिकामा शून्य विद्यार्थी हुनेमा बालनयन प्रावि, बालज्योति प्रावि हुन्। मोदी गाउँपालिकामा शून्य विद्यार्थी हुनेमा सिद्ध आधारभूत विद्यालय, कृष्ण आधारभूत विद्यालय, जनप्रकाश आधारभूत विद्यालय, हरि आधारभूत विद्यालय, सरस्वती आधारभूत विद्यालय, बालकल्याण प्राथमिक विद्यालय, भूमे आधारभूत विद्यालय, लक्ष्मी आधारभूत विद्यालय, दुर्गाभवानी आधारभूत विद्यालय र सिद्धबराह आधारभूत विद्यालय रहेका छन्।

यता विहादी गाउँपालिकामा, जनसेवा प्रावि वहाकीठाँटी र बालज्योति प्रावि रानीपानीमा विद्यार्थी संख्या शून्य रहेको जिल्ला शिक्षा समन्वय एकाइ पर्वतले जनाएको छ। यसरी विद्यार्थी नै नभएका विद्यालयको संख्या ३१ पुगिसक्दा पनि पर्वतका स्थानीय सरकारहरूले विद्यालय समायोजन गराउन कुनै चासो नदिएको फलेवासका स्थानीय धर्म पौडेलले बताए।

शिक्षकहरूलाई विद्यार्थी नै नभएका विद्यालयमा राखेर तलब सुविधा दिलाउने गरिएको छ। राज्यको बजेटको दुरूपयोग हुने भए पनि बाध्यतामा परेर शिक्षकहरू राख्नुपरेको फलेवास नगरपालिका-२ थापाठानाका वडाध्यक्ष गंगानारायण श्रेष्ठले बताए। अहिले विद्यार्थी नभए पनि आगामी दिनमा विद्यार्थी आउन सक्ने भन्दै विद्यालयलाई समायोजना नगरिएको बुझिएको उनको भनाइ छ। शिक्षकहरूलाई सरुवा गर्नुको सट्टा रित्ता विद्यालय रुँगाएर जनप्रतिनिधिले राजनीतिक संरक्षण गरिरहेको पाइएको छ। *रासस*

# विपन्नलाई घर बनाउँदै म्याग्दे गाउँपालिका

**तनहुँ (प्रस)–** यहाँको म्याग्दे गाउँपालिकाले चालु आर्थिक वर्षमा पनि विपन्नलाई घर निर्माण गर्ने भएको छ। गाउँपालिकाले चालु आव २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम तथा नेपाल सरकारको विशेष अनुदान योजनाअन्तर्गत अधिकतम १२ जना आर्थिकरूपमा विपन्न नागरिकलाई घर बनाएर हस्तान्तरण गर्न लागेको हो।

नमूना आवास कार्यक्रमअन्तर्गत अधिकतम १२ वटा घर निर्माण गर्ने निर्णयअनुसार गाउँपालिकाका वडा नम्बर १ देखि वडा ७ मा रहेका लक्षित गाउँपालिकाको आर्थिक विपन्न वर्गलाई नमूना आवास कार्यक्रम कार्यविधि (२०८० को दफा (३) अनुरूप मापदण्ड तथा सूचीभित्र पर्ने स्थानीय नागरिकलाई घर बनाएर हस्तान्तरण गरिने गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिए।

निवेदनसँग जग्गाधनी प्रमाणपुर्जा प्रतिलिपि, नागरिकताको प्रतिलिपि तथा सम्बन्धित वडाको आर्थिक विपन्न परिवार भएको सिफारिस संलग्न गर्नुपर्ने अधिकारीले बताए। नयाँ आवास पाउने नागरिकको मापदण्डभित्र सामान्य प्रकृतिका श्रम (दैनिक जीविकोपार्जन गर्ने तथा कृषिमा आधारित) बाहेक परिवार सदस्यमा कोही स्थायी रोजगार तथा दिगो आयस्रोत नभएको वा अति गरिब तथा न्यून वर्गमा पर्नुपर्ने छ। त्यस्तै विगत आव २०८१/८२ मा निवेदन दर्ता गरी छनोटमा नपरेका व्यक्तिले पुनः निवेदन दिनुपर्ने अधिकारीको भनाइ छ।

म्याग्दे गाउँपालिकाले गत आव २०८१/८२ मा ४८ जना विपन्न जनतालाई घर हस्तान्तरण गरेको थियो। वार्षिक स्वीकृत कार्यक्रम तथा नेपाल सरकारको समपूरक योजनाअन्तर्गत आर्थिकरूपमा विपन्न वर्गलाई नमूना आवास कार्यक्रमअन्तर्गत आवास निर्माण गरी लाभग्राहीलाई हस्तान्तरण गरिएको थियो।

म्याग्देका सातवटै वडाबाट छानिएका अतिविपन्न व्यक्तिलाई उक्त घर हस्तान्तरण गरिएको थियो। घरविहीन वा जोखिमयुक्त घरमा बस्न बाध्य रहेका परिवारलाई लक्षित गर्दै आवास कार्यक्रम सञ्चालन गरिएको अधिकारीको भनाइ छ। गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा घर निर्माण गरी हस्तान्तरण गरिएको जानकारी दिए। घर पाएका लाभग्राहीले १० वर्षसम्म ती घर बेचबिखन, धितो राख्न वा भाडामा दिन नपाउने व्यवस्था गरिएको छ। आफू निर्वाचित भएपछि पाँच वर्षभित्रमा कम्तीमा ६० वटा घर बनाउँछौं भन्ने प्रतिबद्धताअनुसार अहिलेसम्म ४८ वटा घर बनेको श्रेष्ठले बताए। *रासस*

**बिमालेख हराएको सूचना**

मिति २०८०/०६/१५ गते काठमाडौंस्थित सरस्वतीनगरदेखि बुढानीलकण्ठ वडा नं.१२ कपन घर सर्ने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी, हिमालयन लाइफ इन्स्योरेन्स शाखा कार्यालय, प्रधान कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

**नाम :** रामकृष्ण कुइँकेल
**बिमालेख नं.:** PLI 1010004319
**स्थायी ठेगाना :** ज्यामिरे-४, सिन्धुपाल्चोक
**सम्पर्क नं :** ९८४१३७३३६६

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७८/०६/२४ मा दर्ता भएको **ईश्वर हिमाल एग्रो एण्ड फूड्स, (प्रा.लि. नं. २७४८७०)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०८२/०२/२९ मा दर्ता भएको **एस.एम.सी.एन.एडभरटाइजिङ सर्भिस सेन्टर प्राइभेट लिमिटेड (प्रा.लि.नं.३६८५८०)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
केन्द्रीय आयोजना कार्यान्वन इकाई (भवन तथा आवास)
**आयोजना कार्यान्वन इकाई (भवन तथा आवास)**
जाजरकोट

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित मितिः–** २०८२/०४/२५ (**Aug-10, 2025**)

यस आयोजना कार्यान्वयन इकाईबाट **मिति २०८२/०२/०१ गतेको हिमालय राष्ट्रिय दैनिक पत्रिकामा** प्रकाशित तपसिल बमोजिमको ठेक्काको लागि म्यादभित्र **E–Bid** मार्फत दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको मूल्याङ्कन पश्चात सारभूतरुपमा प्रभावग्राही देखिएका तपसिलका बोलपत्रहरुको आर्थिक प्रस्ताव निम्नानुसारको मिति, समय र स्थानमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ ज (५) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको **उपस्तिथि तथा जानकारीको** लागी यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कार्यको विवरण | सफल बोलपत्रदाताहरु | आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|
| १ | PIU/JAJARKOT/NCB/WORKS/18-081/082 | Reconstruction of Agricultural Development Office Building, Jajarkot | 1. Jana Chahana Nirman Sewa/Makar Developers Pvt.Ltd.,J.V., Bheri-2,Jajarkot<br>2. Tamakoshi Construction Co. Pvt. Ltd - Shanvi Engineering & Construction Pvt. Ltd - Bijayashwori Nirman Sewa & Suppliers J.V., Bheri-13, Jajarkot<br>3. Manik Builders, Birendranagar-3, Surkhet<br>4. Seti nirman sewa / Bhuwan Nirman Sewa / Uttam NirmanSewa J.V, Dhangadhi, Kailali<br>5. Sarmila Construction - M.K construction - Jayalaxmi Construction JV,Kathmandu<br>6. Bhattrai Construction- Shrisha Nirman Sewa, J.V., Nepalgunj-01, Banke<br>7. Siddhi Bahan Nirman Sewa - Y.K. Construction ,J.V. ,Bheri, Jajarkot<br>8. M.P. Construction Company P. Ltd. / National Multi Builders , J.V., Nepaljung-18, Banke | मितिः-२०८२/०५/०२ (Aug-18, 2025) समयः- १३.०० बजे (दिनको १.०० बजे) स्थानः- आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास), जाजरकोट |
| २ | PIU/JAJARKOT/NCB/WORKS/19-081/082 | Reconstruction of District Post (Hulak) Office Building, Jajarkot | 1. Manik Builders, Birendranagar-3, Surkhet<br>2. Jana Chahana Nirman Sewa/Makar Developers Pvt.Ltd., J.V., Bheri-2,Jajarkot<br>3. Subarnawoti Construction Pvt. Ltd.,Rolpa-4, Rolpa<br>4. Tamakoshi Construction Co. Pvt. Ltd - Shanvi Engineering & Construction Pvt. Ltd - Bijayashwori Nirman Sewa & Suppliers J.V., Bheri-13, Jajarkot<br>5. Gaurimai Construction Pvt. Ltd - Maha Construction & Suppliers Pvt. Ltd. - Kedar and Krish Nirman Sewa & Suppliers Pvt. Ltd, JV, Balkhu-14, Kathmandu<br>6. Dolpa Hirachan Construction Pvt.Ltd - Om Nirman Sewa, J.V,Thulibheri-3, Dolpa<br>7. Bhumi Nirman Sewa, Patihani-4, Chitwan<br>8. Seti nirman sewa / Bhuwan Nirman Sewa J.V, Dhangadhi, Kailali<br>9. Shiwalaya Nirman Sewa - Rising Construction Company Pvt.Ltd - S.R. Builders and Engineering Consult, J.V. ,Changunarayan-01, Bhaktapur<br>10. Bhattrai Construction - Shirish Nirman Sewa, J.V., Nepalgunj-01, Banke<br>11. B.R. Construction, Mahalaxmi-3, Lalitpur<br>12. Jai Ganesh Nirman Sewa / Kishan Builders, J.V., Kohalpur-02, Banke<br>13. Sarmila Construction - M.k construction - Jayalaxmi Construction JV, Kathmandu<br>14. Chhatreswari Nirman Sewa Pvt. Ltd, Buddhanagar-10, Kathmandu | |

**आयोजना प्रमुख**

प्रभाव दैनिक

रूपशाला

## 'जनै हराएको मान्छे'को ट्रेलर सार्वजनिक

नेपाली चलचित्र 'जनै हराएको मान्छे' को अफिसियल ट्रेलर सार्वजनिक गरिएको छ। शनिबार आयोजित एक कार्यक्रमका बिच ट्रेलर सार्वजनिक गरिएको हो। फिल्ममा कलाकारहरू विजय बराल, केकी अधिकारी, मिरुना मगर, गौरव पहारी, भोलाराज सापकोटा, रियर राई र सुषांक मैनालीलगायतको अभिनय रहेको छ। हिमाल न्यौपाने निर्देशित यो चलचित्र भदौदेखि देशभर प्रदर्शनमा आउने निर्माण पक्षको भनाइ छ। पेपरक्लिपको ब्यानरमा निर्माण भएको फिल्मको ट्रेलरले सुरूको केही सेकेन्डमै दर्शकलाई आफ्नै परिवार, संस्कार र जीवनका पीडादायी क्षणमा पुऱ्याउँछ।



आइतबार, २५ साउन, २०८२ (Sunday, 10 August 2025)

# रक्षा बन्धनमा 'पार्वती'का दुई पोस्टर




■ प्रभाव संवाददाता

**काठमाडौं–** रक्षा बन्धनको अवसर पारेर निता फिल्म्सको प्रस्तुति नेपाली चलचित्र 'पार्वती'का दुई फरक मूडका पोस्टर सार्वजनिक भएका छन्। नायिका निता ढुंगाना अधिकारीको निर्देशनमा बन्न लागेको यो फिल्मको प्रदर्शन मिति घोषणा सहित २ पोस्टर सार्वजनिक भएका हुन्। निर्माणपक्षले यो फिल्मको प्रदर्शन मिति आगामी माघ १ गतेलाई तोकेको छ।

सार्वजनिक पहिलो पोस्टरमा 'पार्वती' पहेँलो छातामुनि,सिठी र पानीको बोतल बोकेर गम्भीर मुद्रामा देखिन्छिन्। यसले उनको जीवनमा हुने चुनौती, सोचमग्न स्वभाव र भित्रै लुकेको संवेदनशीलता झल्काउँछ। दोस्रो पोस्टरमा भने उनी गाउँले पोशाकमै हल्का मुस्कान र लजालु अदा सहित प्रस्तुत भएकी छन्, जसले उनको निराशता, बालपनको रमाइलो र जीवनप्रतिको सहज दृष्टिकोणको संकेत गर्छ।

फिल्मको कथा निता ढुंगानाले नै लेखेकी हुन् भने पटकथा तथा संवाद शिवम् अधिकारीको हो। छायांकन कविर लाल र शाहिद लालले गर्नेछन्। निर्माण टिममा सानिजा अधिकारी, नरसरी अधिकारी र पवन ढुंगाना छन्। निर्माण पक्षका अनुसार,'पार्वती' हास्य,भावना र सामाजिक सन्देश मिसिएको कथा हो,जसमा एक साधारण पात्रको नजरबाट जीवनका रंग, सम्बन्धका मिठास र संघर्षका भाव दर्शाइनेछ। असोजबाट छायांकनमा निस्किने यो फिल्मको कथाकार तथा प्राविधिक को-को रहने छन् भन्ने बारेमा निर्माण पक्षले खुलाएका छैनन्। निर्देशक अधिकारीका अनुसार केहि दिनमा कलाकार तथा थप प्राविधिकहरूको जानकारी दिइने छ। उपत्यकामा रिच इन्टरटेनमेन्ट र एप्पल इन्टरटेनमेन्टले वितरणको जिम्मा लिएको छ भने उपत्यका बाहिर एफडी कम्पनी रहेको छ।

# अस्ट्रेलिया टुरमा निस्किँदै प्रमोद खरेल र परम्परा ब्याण्ड

■ प्रभाव संवाददाता



**काठमाडौं–** गायक प्रमोद खरेल आफ्नो ब्यान्ड परम्परा लिएर अस्ट्रेलिया टुरमा निस्किने भएका छन्। उनी अस्ट्रेलियाका विभिन्न सहरमा आगामी २२ अगस्ट देखि १४ सेप्टेम्बर सम्म हुने साङ्गीतिक कार्यक्रमका लागि निस्किन लागेका हुन्।

प्रमोदका अनुसार अस्ट्रेलियाका पाँच वटा सहर सिड्नी, क्यानबेरा, ब्रिसबेन, मेलवर्न र न्यूक्यासलमा साङ्गीतिक कार्यक्रम हुनेछ। मेला हब र न्यानगन फाइन मेट्सको प्रस्तुति रहने कार्यक्रममा आफ्नो ब्यान्डका अन्य ६ सदस्यसहित अस्ट्रेलिया पुग्नेछन्। उनीसँगै ब्यान्डमा लिड गिटारिस्ट देवासिस तामाङ, बेस गिटारिस्ट कुशल थापासँगै फ्ल्युटमा सञ्जीव मैनाली, ड्रममा भूपेन्द्र रसाइली, मादलमा जेपी जोशी, किबोर्डमा राहुल भुजेल रहने छन्।

'अर्को साताको अस्ट्रेलिया टुरका लागी अहिले तयारी गरिरहेका छौं। अस्ट्रेलियाका विभिन्न सहरका दर्शकहरूलाई मनोरञ्जनका लागि तयारी रहन आग्रह गर्छौं', प्रमोदले भने। 'ब्यान्ड सहितको यो पहिलो साङ्गीतिक टुर भएकाले पनि हामी उत्साहित छौं।' 'परम्परा'ले यो मङ्गलवार नयाँ गीत 'के मा बस्यो दिल' सार्वजनिक गर्दैछ। परम्परा ब्यान्डले आगामी वर्षको जुन र जुलाइमा अमेरिकाको टुरमा निस्किने तयारी गर्दैछ।

# कार्कीको स्वदेशगानको छायांकन

■ प्रभाव संवाददाता

**काठमाडौं–** मोहन कार्की लिखित स्वदेश गितको छायांकन सम्पन्न भएको छ। कार्कीले लेखेको हाम्रो देशमा अव्यवस्थित गाउँ शहर छ, मलाई सुन्दर नेपाल बनाउने रहर छ बोलको राष्ट्र भावको गीत नेपाल प्रज्ञाप्रतिष्ठानमा छायांकन सम्पन्न भएको हो। दिनेश एसकेको निर्देशनमा रामेश्वर जिरेलले छायांकन गरेका हुन्।

उक्त स्वदेशगानमा राष्ट्रिय कलाकार सुवास गजुरेल, संगीतकार माधव भण्डारी, रूपक डोटेल तथा चर्चित कलाकारहरू एकराज गराच, सञ्चिता शाही, सुनिता खड्का, अभिचन्द्र कार्की, विजेन्द्र नौबागे, रचनाकार मोहन कार्की, दिपक बराल, देवि प्रसाद चौलागाई, बिनोद कार्की, बिनोद नेपाली, बाल कलाकारहरूको पनि सहभागिता थियो, उक्त कलाकारहरूलाई मेकअप गरी सुन्दर बनाउने काम मेकप आर्टिष्ट राजिना बज्राचार्यले गरेका थिए।

उक्त गीतको मा विजेन्द्र नोबागेल संगीत भरेका थिए। त्यसैगरी संगीत संयोजन माधव भण्डारील गरेको गितमा स्वर रूपक डोटेल र उषा गजुरेलको रहेको छ।



उक्त म्युजिक भिडियोलाई जन आकाश मिडियाको १८ औ वार्षिकोत्सवको अवसरमा यहि २९ गते नेपाल प्रज्ञाप्रतिष्ठान कमलादीको बालकृष्ण प्रेक्षालयमा उपसभामुख ईन्दिरा रानाको आतिथ्यतामा हुने भएको छ। कार्की जन आकाश मिडियाका सञ्चालक पनि हुन्।

रंगशाला

# खेलकुदका माध्यमबाट पर्यटक भित्र्याउनुपर्छ : मन्त्री चौधरी



■ प्रभाव संवाददाता

**झापा–** युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले खेलकुदका माध्यबाट पर्यटक भित्र्याउने योजनामा सरकारले काम गरिरहेको बताएका छन्। काँकडभिट्टा खेलमैदानको शनिबार निरीक्षण गर्दै उनले पूर्वीनाकामा रहेको खेलमैदानमार्फत काँकडभिट्टाले नेपालमा पर्यटक भित्र्याउन सक्ने भनाइ राखे। मन्त्री चौधरीले सङ्घीय सरकारले काँकडभिट्टा खेलमैदानको स्तरोन्नतिका लागि चालू आर्थिक वर्ष २०८२/८३ मा रु तीन करोड बजेट विनियोजन गरेको जानकारी दिए।

'क्रिकेट, फुटबल र भलिबल खेलेर नेपाली खेलाडीले लाखौँलाख आर्जन गरेका थुप्रै उदाहरण छन्', उनले स्थानीय जनप्रतिनिधि, खेलाडी र खेलप्रेमीहरूलाई सम्बोधन गर्दै भने, 'दुई ठूला देशको बीचमा छौं हामी । एसियाली राजमार्ग निर्माणपछि काँकडभिट्टा खेलमैदानको महत्व अन्तरराष्ट्रिय रूपमा बढेर जानेछ ।' उनले खेलकुद क्षेत्र मनोरञ्जन, स्वास्थ्य र पर्यटनको माध्यम भएको जनाउँदै देशको पहिचान बढाउन काँकडभिट्टाले उत्पादन गरेका खेलाडीको अतुलनीय योगदान रहेको चर्चा गरे।

सरकारले खेलकुद क्षेत्रका लागि अहिले रु छ अर्ब बजेट छुट्याएको उल्लेख गर्दै मन्त्री चौधरीले खेलमैदान स्थानीय तह र प्रदेशलाई हस्तान्तरण गर्ने तयारी भइरहेको जानकारी दिए। काँकडभिट्टा खेलमैदानले चर्चेको जग्गा ग्रामीण आवास कम्पनीको भएको विषयमा उनले छिटोभन्दा छिटो खेलमैदानको जग्गा स्थानीय तहको स्वामित्वमा ल्याउनुपर्ने बताए। उनले खेलमैदानको जग्गाको स्वामित्व पालिकाको नाममा ल्याउन र त्यसको पूर्वाधार विकासमा सघाउन सरकार तयार रहेको बताए।

त्यस अवसरमा मेचीनगरका नगरप्रमुख गोपाल बुढाथोकी, उपप्रमुख मीना उप्रेती, पूर्वनगरप्रमुख विमल आचार्यलगायतले काँकडभिट्टाको खेलकुद गतिविधि र मैदानका समस्या बारेमा मन्त्री चौधरीको ध्यानाकर्षण गराएका थिए। मन्त्री चौधरीले मेचीनगरको चारआलीमा आयोजना हुने इन्डो-नेपाल इन्टरस्कुल कराते प्रतियोगिताको उद्घाटन गर्ने कार्यक्रम रहेको छ।

# सकियो एनपिएल अक्सन

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको दोस्रो संस्करणका लागि खेलाडी अक्सन सम्पन्न भएको छ। अक्सनबाट ए क्याटेगोरीमा रहेका ९ खेलाडीबाट चारजना सबैभन्दा महँगो अर्थात् १५ लाख रूपैयाँमा अनुबन्ध भएका छन्।

ए क्याटेगोरीका देव खनाल सबैभन्दा पहिले अनुबन्ध भएका थिए। उनलाई चितवन राइनोज र लुम्बिनी लायन्सले अधिकतम १५ लाखमा चाहेपछि भएको लक्की ड्र बाट चितवनले अनुबन्ध गर्न सफल भयो।

त्यस्तै अर्जुन साउदमाथि चितवन, विराटनगर किङ्स र कर्णाली याक्सले महँगो रकममा बोली लगाउँदा यसपटक पनि लक्की ड्र मा चितवन भाग्यमानी साबित भयो।

पहिलो सिजनमा चोटका कारण अक्सनमै समावेश नभएका पवन सर्राफमाथि ४ टोलीले बोली लगाएका थिए। उनलाई चितवन, लुम्बिनी, कर्णाली र विराटनगरले अधिकतम १५ लाखमा चाहँदा भएको लक्की ड्र बाट कर्णालीले अनुबन्ध गऱ्यो। सबैभन्दा व्यग्र प्रतीक्षामा रहेका आदिल आलममाथि ८ वटै टोलीले बोली लगाएका थिए। न्युनतम मूल्य १० लाखबाट सुरु भएको बोली १५ लाख रूपैयाँमा पुग्दा सबै ८ वटै टोली इच्छुक देखिएका थिए।

त्यसपछि भएको लक्की ड्र बाट काठमाण्डु गोर्खाज भाग्यमानी साबित भयो र आदिल काठमाण्डुमा १५ लाख रूपैयाँमा अनुबन्ध भए।

ए क्याटेगोरीका अन्य खेलाडीमा दिलिप नाथ र सूर्य तामाङ बेस रकम अर्थात् १० लाख रूपैयाँमा क्रमशः लुम्बिनी लायन्स र विराटनगर किङ्समा अनुबन्ध भए। अझै केही टोलीहरूले आफ्नो स्लट पूरा गर्न बाँकी रहेकाले अब विश लिस्टबाट टिमहरूले खेलाडी छान्ने छन्। २६ खेलाडी अक्सनबाट अनुबन्ध भइसकेका छन्।

ताप्लेजुङ गोल्डकप

# तेल्लोकलाई हराउँदै इटहरी सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**इलाम–** द योङ स्पोर्टिङ क्लब इटहरी ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ।

लाखेजात्राको अवसरमा ताप्लेजुङ सदरमुकाको फुङलिङको भानुजन माविको मैदानमा सञ्चालित प्रतियोगिता उद्घाटन खेलमा आयोजक तेल्लोक स्पोर्टिङ क्लबलाई २-१ ले हराउँदै इटहरी अन्तिम ४ मा प्रवेश गरेको हो। दुईजना विदेशी र चारजना राष्ट्रिय खेलाडीसमेत उतारेको तेल्लोकले सुरुआती अग्रता जोगाउन नसक्दा पहिलो खेलबाट बाहिएको हो। तेल्लोक स्पोर्टिङ क्लबका सञ्जय श्रेष्ठले खेलको २६औं मिनेटमा अग्रता दिलाए। तर, ७०औं मिनेटमा इटहरीका नीरज खड्काले गोल गर्दै खेल बराबरीमा ल्याए। त्यसको चार मिनेटमै योगेन राईले गोल गर्दै इटहरीलाई जित दिलाए।

म्यान अफ दी म्याच इटहरीका नीरज घोषित हुँदै सात हजार रूपैयाँ प्राप्त गरे। दोस्रो क्वाटरफाइनलमा सहारा क्लब पोखरा र रेडस्टार क्लब झापाबीच हुनेछ।

प्रतियोगितामा गत वर्षको उपविजेता सलहेशबाहेक सबै नयाँ टिम मैदानमा उत्रँदै छन्। विजेताले ७ लाख २ हजार ८२ र उपविजेताले ३ लाख ५० हजार ८२ रूपैयाँ प्राप्त गर्नेछन्।

विधागततर्फ सर्वोत्कृष्ट खेलाडीलाई मोटरसाइकल प्रदान गरिनेछ। विधागत विजेतालाई १५ हजारका दरले पुरस्कृत गरिनेछ। प्रतियोगिता आयोजक लिजेन्ड फुटबल एकेडेमी सिलगुढी, चर्च ब्वाइज युनाइटेड काठमाडौं, सलहेश युवा क्लब सिरहा, फिदिम स्पोर्टिङ क्लब पाँचथर र द योङ स्पोटिङ क्लब इटहरी सहभागी छन्। गत संस्करणमा सल्लेहश युवा क्लबलाई हराउँदै सगरमाथा युथ क्लब मोरङले उपाधि जितेको थियो।



अमृतसरबाट करिब ३५ किलोमिटर टाढा रहेको भारत–पाकिस्तान वाघा सीमा चौकीमा खटिएका भारतीय सीमा सुरक्षा बलको टोलीलाई हिन्दू पर्व रक्षाबन्धनको दिन शनिबार रक्षाबन्धन बाँधिदिँदै महिलाहरू । *तस्बिर: एएफपी*

# युक्रेन शान्तिका लागि पुटिन–ट्रम्पको पहल कति प्रभावकारी ?



**वासिङ्टन–** संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच आउँदो शुक्रबार (अगस्ट १५ गते) अमेरिकाको अलास्का राज्यमा भेटवार्ता हुने तय भएको छ । यो भेटवार्ताको उद्देश्य सन् २०२२ को फेब्रुअरीमा सुरु भएको युक्रेन युद्ध अन्त्य गर्न मार्गप्रशस्त गर्नु हो ।

राष्ट्रपति ट्रम्पले दोस्रो कार्यकाल सुरु गरेदेखि नै आफूले '२४ घण्टामै युद्ध सकाउने' दाबी गर्दै शान्ति स्थापनाको पहल गरिरहेका छन्, यद्यपि हालसम्म भएका थुप्रै वार्ता, टेलिफोन संवाद तथा कूटनीतिक भ्रमणहरूले ठोस प्रगति भने गर्न सकेका छैनन् ।

शुक्रबार राष्ट्रपति ट्रम्पले आफ्नो सामाजिक सञ्जाल ट्रुथ सोसल मा बैठक अगस्ट १५ गते अलास्कामा हुने घोषणा गरे, जुन कुरा क्रेमलिनले पनि पुष्टि गरेका छन् । क्रेमलिनका अनुसार यो स्थान 'तार्किक र उपयुक्त' रहेको छ । राष्ट्रपति ट्रम्पले पुटिन र युक्रेनी राष्ट्रपति भोलोदीमिर जेलेन्स्कीको सन्दर्भमा भने, 'उनीहरूले मसँग भेट गर्न चाहन्छन् भने म हत्या रोक्न सक्ने जुनसुकै प्रयास गर्न तयार छु ।' ह्वाइट हाउसमा पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले भने, 'केही भूभागहरू साटासाट गरिने छ, जसबाट दुवै देशलाई लाभ हुने छ,' तर उनले विस्तृत विवरण दिएनन् ।

अलास्का बैठकस्थलको रूपमा चयन हुनुको मुख्य कारण ऐतिहासिक र भौगोलिक दुवै पक्षसँग सम्बन्धित छ । सन् १८६७ मा रसियाले अलास्का अमेरिकालाई बेचेको थियो । भौगोलिकरूपमा पनि अलास्काको पश्चिमी किनारा र रसियाको पूर्वी भागबीच बेरिङ जलसन्धिमात्र पर्दछ ।

क्रेमलिनका सल्लाहकार युरी उशाकोभका अनुसार, 'अलास्का र आर्कटिक क्षेत्रमा दुवै मुलुकका आर्थिक हितहरू मिल्दछन् र आपसी सहकार्यका लागि ठूलो सम्भावना देखिन्छ ।' उशाकोभले थप भने, 'मुख्य ध्यान भने युक्रेन संकटको दीर्घकालीन शान्तिपूर्ण समाधानतर्फ केन्द्रित हुने छ । साथै, आगामी बैठक रसियामा आयोजना गर्न राष्ट्रपति ट्रम्पलाई निमन्त्रणा दिइसकेको जानकारी पनि उहाँले दिनुभयो ।' हालै पुटिनमाथि अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) ले जारी गरेको पक्राउ आदेशले बैठकस्थल चयनमा केही चुनौती उत्पन्न गरेको थियो, जसकारण संयुक्त अरब इमिरेट्स, टर्की, चीन वा भारतजस्ता देशहरू बैठकका सम्भावित स्थलको रूपमा चर्चा भइरहेका थिए ।

युक्रेनी राष्ट्रपति जेलेन्स्कीले यो शिखर बैठकलाई त्रिपक्षीय बनाउने चाहना व्यक्त गर्दै आएका छन् । उनले बारम्बार पुटिनसँग प्रत्यक्ष भेट नै शान्तिका लागि एकमात्र उपाय भएको बताए । राष्ट्रपति ट्रम्पका विशेष दूत स्टिभ विटकोफले यसै साता पुटिनसँगको वार्तामा त्रिपक्षीय बैठकको प्रस्ताव राखेका थिए, तर रसियाली पक्षले युक्रेनसँगको प्रत्यक्ष वार्ता केवल वार्ताको अन्तिम चरणमामात्र सम्भव हुने भनिसकेको छ । ट्रम्पले पत्रकारद्वारा सोधिएको प्रश्नमा, 'पुटिनले जेलेन्स्कीलाई भेट्नुपर्छ त ?' भन्नेमा उत्तर दिए, 'होइन, अनिवार्य छैन ।'

राष्ट्रपति ट्रम्प र पुटिनबीच अन्तिमपटक भेट २०१९ मा जापानमा आयोजित जी-२० सम्मेलनमा भएको थियो । त्यसअघि २०१८ मा फिनल्याण्डको हेलसिंकीमा दुवै नेताबीच महत्त्वपूर्ण बैठक भएको थियो । पुटिनले अमेरिका भ्रमण गरेर अमेरिकी राष्ट्रपतिको रूपमा ट्रम्पपछि अन्तिमपटक २०१५ मा पूर्वराष्ट्रपति ओबामासँग संयुक्त राष्ट्रसंघको महासभामा भेट गरेका थिए ।

शान्ति वार्ताका अनेक प्रयासहरू हुँदाहुँदै पनि अहिले रसिया र युक्रेनबीच ठोस सहमति भएको छैन । युक्रेन युद्ध अन्त्यका लागि पश्चिमी मुलुकहरू, युक्रेन तथा अमेरिकाले तत्काल युद्धविरामको आह्वान गरिरहेका छन्, तर रसियाले यसलाई अस्वीकार गर्दै चारवटा क्षेत्र खाली गर्न, युक्रेनले तटस्थ राष्ट्रको हैसियतमा बस्न, पश्चिमी सैन्य सहायता अस्वीकार गर्न र नेटोमा नजाने प्रतिबद्धता जनाउनुपर्ने सर्त राखेको छ । *रासस/एएफपी*

### 'युक्रेनविना गरिने निर्णयहरूले शान्ति सम्भव छैन'

किभ, युक्रेन- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच युक्रेनमा शान्ति स्थापनासम्बन्धी शिखर वार्ता आगामी हप्ता अमेरिकाको अलास्कामा हुन लागेको सन्दर्भमा युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले युक्रेनको सहभागिताविना गरिने कुनै पनि निर्णय प्रभावकारी नहुने धारणा व्यक्त गरेका छन् ।

राष्ट्रपति जेलेन्स्कीले शनिबार सामाजिक सञ्जालमार्फत वक्तव्य जारी गर्दै भने, 'युक्रेनका नागरिकहरूले आफ्नो भूमिमा कुनै पनि किसिमको अतिक्रमण स्वीकार गर्दैनन् । हाम्रो सहभागिताविना गरिने निर्णयहरू शान्तिप्रति सहयोगी हुने छैनन् ।' उनले युक्रेन वास्तविक र परिणाममुखी शान्ति प्रक्रिया अपनाउन तयार रहेको स्पष्ट पारे । तर, यस्तो शान्ति सम्मानजनक र देशको सार्वभौमिकतालाई सम्मान गर्ने किसिमको हुनुपर्ने कुरामा जोड दिए ।

सन् २०२२ को फेब्रुअरीदेखि जारी द्वन्द्वका कारण हजारौं मानिसहरूले ज्यान गुमाइसकेका छन् भने करोडौं विस्थापित हुन बाध्य भएका छन् । यस वर्ष रुस र युक्रेनबीच तीन चरणसम्म वार्ता भए पनि ठोस सहमति कायम हुन सकेको छैन । राष्ट्रपति पुटिनले हालसम्म युक्रेनी समकक्षीसँग प्रत्यक्ष वार्ता गर्न अस्वीकार गर्दै आउनुभएको छ, जबकि राष्ट्रपति जेलेन्स्कीले शान्तिका लागि उच्चस्तरीय प्रत्यक्ष संवाद अपरिहार्य रहेको धारणा राख्दै आएका छन् । राष्ट्रपति ट्रम्पले शुक्रबार शिखर वार्ता घोषणा गर्दै केही भूभाग आदानप्रदान हुने सम्भावना संकेत गरेको भए पनि त्यसको विस्तृत विवरण भने दिएका छैनन् । *रासस/एएफपी*

# चीनले समुद्रबाट गऱ्यो 'स्मार्ट ड्र्यागन-३' रकेट प्रक्षेपण

**रिजाओ, चीन–** चीनले शनिबार बिहान आफ्नो स्मार्ट ड्र्यागन-३ (एसडी-३) नामक रकेटमार्फत गेली-०४ उपग्रह समूह (कन्स्टलेसन) सफलतापूर्वक पृथ्वीको कक्षमा पठाएको छ । यो प्रक्षेपण पूर्वी चीनको सान्दोङ प्रान्तको रिजाओ सहर नजिकै समुद्रबाट गरिएको हो ।

'गेली-०४' एक उपग्रह समूह हो, जसलाई चीनले हालै प्रक्षेपण गरेको हो । यो समूहमा साना-साना उपग्रहहरू समावेश छन् जुन पृथ्वीको कक्षमा रहेका हुन्छन् र यी उपग्रहहरूले सञ्चार, नेभिगेसन, मौसम पूर्वानुमान र वैज्ञानिक अनुसन्धानजस्ता क्षेत्रमा काम गर्ने उद्देश्य राख्दछन् । यस्तो उपग्रह समूहले पृथ्वी अवलोकन र डेटा संकलनमा सुधार ल्याएर विभिन्न सेवा र प्रविधिमा सटिकता र विश्वसनीयता बढाउँछ ।

चिनियाँ समयअनुसार शनिबार बिहान १२:३१ बजे रकेट समुद्री प्रक्षेपणस्थलबाट आकाशतर्फ उडाइएको थियो । यस समुद्री प्रक्षेपण अभियानलाई ताइयुआन उपग्रह प्रक्षेपण केन्द्रले सञ्चालन गरेको थियो ।

समुद्रबाट गरिएको यो सफल प्रक्षेपण चीनको बढ्दो प्रविधिक क्षमताको संकेत हो, जसले वैज्ञानिक अनुसन्धान, सञ्चार र सटिक स्थान निर्धारण प्रणालीमा थप योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । *रासस/सिन्ह्वा*

# भन्सार शुल्क वृद्धिका कारण विश्व व्यापारमा मन्दीको संकेत: डब्लुटिओ





**जेनेभा–** विश्व व्यापार संगठन (डब्लुटिओ) ले सन् २०२६ का लागि विश्व वस्तु व्यापार (मर्चेन्डाइज ट्रेड) वृद्धिदरको पूर्वानुमान घटाएर १.८ प्रतिशतमा झारेको छ । यसअघि सो दर २.५ प्रतिशत हुने भनिएको थियो ।

डब्लुटिओले यो गिरावटको प्रमुख कारणको रूपमा अमेरिकाले भन्सार शुल्क वृद्धि गरेको नीतिलाई औंल्याएको छ । डब्लुटिओले शुक्रबार सार्वजनिक गरेको पछिल्लो व्यापार पूर्वानुमान अनुसार, हालैका भन्सार परिवर्तनहरूले विश्व व्यापारको समग्र अवस्था कमजोर बनाउने देखिएको छ ।

अमेरिकाले अगस्ट ७ मा लागू गरेको 'पारस्परिक भन्सार दर'ले न केवल अमेरिकाको आयात घटाउने छ, तर साझेदार मुलुकहरूको निर्यातमासमेत गम्भीर असर पार्ने छ । यो असर सन् २०२५ को दोस्रो छमाहीदेखि सन् २०२६ सम्म झनै गहिरिने अनुमान गरिएको छ । सोही सन्दर्भमा डब्लुटिओले सन् २०२५ का लागि पनि व्यापार वृद्धिदरको अनुमान संशोधन गर्दै ०.९ प्रतिशतमा ल्याएको छ । यसअघि अप्रिलमा यो दर ०.२ प्रतिशत हुने पूर्वानुमान गरिएको थियो ।

यद्यपि, हालको अनुमान पनि भन्सार नबढाउने अवस्थामा गरिएको २.७ प्रतिशतको वृद्धिदरभन्दा निकै कम रहेको डब्लुटिओले स्पष्ट पारेको छ । यो आंशिकरूपमा अमेरिकाबाट भइरहेको अग्रिम आयात (फ्रन्टलोडिङ) को असर भएको बताइएको छ । क्षेत्रगत विश्लेषणअनुसार, एसियाली मुलुकहरू आगामी वर्षमा विश्व व्यापार वृद्धिका मुख्य सकारात्मक चालक बन्ने छन् भने उत्तर अमेरिकी क्षेत्र सन् २०२५ र २०२६ दुवै वर्षमा नकारात्मक प्रभाव पार्ने अनुमान गरिएको छ ।

डब्लुटिओकी महानिर्देशक एनगोसी ओकोन्जो-इवेलाले भन्सार नीतिमा भइरहेको अनिश्चितताको गम्भीर असरबारे चेतावनी दिँदै भनिन्, 'भन्सारको अनिश्चितता व्यावसायिक आत्मविश्वास, लगानी र आपूर्ति प्रणालीमा गहिरो दबाबको कारण बनिरहेको छ । यो अनिश्चितता विश्व व्यापार वातावरणका लागि अत्यन्त विघटनकारी साबित भइरहेको छ ।' *रासस/सिन्ह्वा*

# गाजामा अत्यावश्यक सामग्रीको चरम अभाव, राहत ढुवानीमा ढिलाइ

**न्युयोर्क–** गाजा क्षेत्रमा जारी युद्ध, घरबारविहीनता र अत्यधिक गर्मीका बीच त्यहाँका सर्वसाधारणलाई दैनिक आवश्यक वस्तुहरूको खोजी नै असम्भवजस्तै बन्दै गएको संयुक्त राष्ट्रसंघले जनाएको छ ।

संयुक्त राष्ट्रसंघीय मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) ले शुक्रबार दिएको जानकारीअनुसार गाजावासीहरू अत्यन्त कठिन परिस्थितिबाट गुज्रिरहेका छन् । खानेकुरा, पानी, औषधिलगायतका अत्यावश्यक सामग्रीको चरम अभाव छ भने राहत सामग्री अत्यन्त न्यून मात्रामा गाजा प्रवेश गरिरहेको छ ।

ओसिएचएले गाजामा प्रवेश गर्ने राहत कार्यमा ठूलो ढिलाइ हुने गरेको जनाएको छ । गाजाको दक्षिणी भागमा रहेको समुद्री पानीलाई पिउनयोग्य बनाउने केन्द्रको विद्युत् आपूर्ति लाइन यस साताभित्रै तेस्रोपटक क्षतिग्रस्त भएको छ । यस कारण केन्द्रले आफ्नो कूल क्षमताको १४ प्रतिशतभन्दा कममात्र सञ्चालन गर्न सकिरहेको छ ।

यद्यपि, केही व्यावसायिक गाडीहरू गाजामा प्रवेश गरेपछि केही खाद्यान्न सामग्रीको मूल्यमा सामान्य गिरावट आएको देखिएको छ, तर अधिकांश खाद्यवस्तुहरू अझै महँगा छन् र सहजै उपलब्ध छैनन् । ओसिएचएले हवाईमार्फत खसालिने राहत सामग्रीहरूका कारण विभिन्न स्थानमा नागरिकको ज्यान जाने वा घाइते हुने घटनाहरू पनि भइरहेको जनाउँदै राहत आपूर्तिको सबैभन्दा सुरक्षित र प्रभावकारी माध्यम स्थलमार्ग नै भएको बताएको छ ।

यसैबीच, संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफनी ट्रेम्ब्लेले जारी गरेको विज्ञप्तिमा गाजा सहरमा नियन्त्रण लिने इजरायली निर्णयप्रति महासचिव गम्भीर चिन्तित भएको जनाइएको छ । उक्त निर्णयले अवस्था झनै भयावह बनाउने, नागरिकको ज्यान जोखिममा पार्ने र लाखौं गाजावासीमाथि थप विनास ल्याउने चेतावनी महासचिवले दिएका छन् ।

ओसिएचएले राहत सामग्री सबै नाकाबाट तथा सबै सम्भव मार्ग हुँदै निर्बाधरूपमा प्रवेश गर्न दिनुपर्नेमा जोड दिँदै, मात्रै त्यसरी सहायता व्यापकरूपमा पहुँचाउन सकिने स्पष्ट पारेको छ । *रासस/सिन्ह्वा*




प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९८४०० | प्रति तोला – ० | प्रति तोला – २३१५ |



**संखुवासभाको अकबरे** | संखुवासभाको सदरमुकाम खाँदबारीस्थित शनिबारे हाटमा बेच्न राखिएको अकबरे खुर्सानी । यहाँ अकबरे खुर्सानी प्रतिकिलो २५० रूपैयाँमा किनबेच हुने गर्दछ । *तस्बिरः भविन कार्की/रासस*

# नवलपुरमा चियाको परीक्षण खेती

■ प्रभाव संवाददाता



**नवलपुर (नवलपरासी)**– नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोटमा चिया खेती सुरुआत गरिएको छ । गैँडाकोट-१८ को बसेनी गाउँमा परीक्षणको रूपमा चिया खेती सुरु गरिएको नगरपालिकाले जनाएको छ ।

गैँडाकोट नगरपालिका प्रमुख मदनभक्त अधिकारीले १८ वडा रहेको यस पालिकाको पहाडी क्षेत्रमा पर्ने बसेनी गाउँमा परीक्षणका लागि सात हजार ५०० चियाको विरुवा लगाइएको बताए । पहाडी क्षेत्र भएकाले यहाँको भूगोल र हावापानी उपयुक्त भएकाले परीक्षणका लागि चिया खेती सुरु गरिएको उनको भनाइ छ । 'गैँडाकोटको यो १८ नम्बर वडा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्थान हो', उनले भने, 'यसै वर्षदेखि यहाँ पूर्वाधार विकास गरेर भविष्यमा बसेनीलाई पर्यटकीय गाउँको रूपमा विकास गर्ने नगरको योजना छ ।'

गैँडाकोट नगर उपप्रमुख शान्ति कोइरालाले गैँडाकोट नगरपालिका प्राकृतिक रूपमा सुन्दर र हावापानीले विविधताले भरिपूर्ण पालिका भएको बताइन् । हाल व्यक्तिगत र सामुदायिक रूपमा बसेनीमा चिया खेती गरिएको उनको भनाइ छ । 'अहिले हामीले परीक्षणका रूपमा चिया खेती सुरु गरेका छौँ' उनले भनिन्, 'यसले राम्रो उत्पादन दियो र स्थानीय आकर्षित भए भने हामीले खेती बिस्तार गर्ने योजना बनाएका छौँ ।'

गैँडाकोटमा पर्ने पूर्वपश्चिम राजमार्गबाट आधा घण्टाको दूरीमा नै चिसो हावापानी र बाह्रै महिना जाडो हुने क्षेत्र रहेको भन्दै उनले गर्मी र जाडो दुवै हावापानी भएकाले यहाँ पर्यटकीय सम्भावना रहेको बताइन् । बसेनीमा चिया खेती गरेर पर्यटकलाई आकर्षित गर्ने योजना रहेको कोइरालाको भनाइ छ । बसेनीमा चिया बगान, सुन्तला खेती बिस्ता, घरबास (होमस्टे) सञ्चालन गरी पर्यटकीय क्षेत्र बनाउने अवधारणाअनुसार आफूहरू अगाडि बढेको उनले बताइन् ।

गैँडाकोट नगरपालिका कृषि विकास शाखा प्रमुख राजुप्रसाद शर्माले गैँडाकोटको बसेनीमा चिया उत्पादन गरेर बिक्री गर्नभन्दा पनि पर्यटकीय दृष्टिकोणले खेती गरिएको बताए । यसैवर्षदेखि यहाँ होमस्टे निर्माण गर्ने योजना रहेको जनाउँदै शर्माले होमस्टेमा आउने पर्यटकलाई लक्षित गरेर उपहारका लागि चियाको ब्राण्डिङ गरिने बताए । चिया बगान हेर्न इलाम नै जानुपर्ने अवस्थाको अन्त्य गर्न र यहाँको पर्यटन प्रवर्द्धन गर्न चिया खेती सुरु गरिएको उनको भनाइ छ ।

'अहिले यस क्षेत्रबाट ठूलै संख्यामा पर्यटक इलाम जाने गर्नुभएको छ' उनले भने, 'इलाम जाने पर्यटकलाई गैँडाकोट भित्र्याउने र उहाँहरूलाई घरमा जाने बेलामा उपहार दिने गरी चियाको खेती सुरु गरेका छौँ ।' गैँडाकोटमा आएर बस्ने पर्यटकलाई 'मायाको चिनो'स्वरूप गैँडाकोटको चिया र स्थानीय उत्पादन कोसेली पठाइउने योजना रहेको शर्माले सुनाए । जिल्लाकै विकट गाउँको रूपमा रहेको यस वडामा पछिल्लो समय विकास निर्माणका पूर्वाधार निर्माण हुँदै गएपछि आवागमन समेत सहज भएको उनको भनाइ छ ।

गाउँमा गरिएको चिया खेतीको सुरुआती तरणमा बसेनी टोल सुधार समितिले रेखदेख गर्ने र वडा कार्यालयले संरक्षण गर्नेगरी खेती सुरु गरिएको शर्माले बताए । उत्पादन सुरु भएपछि र स्थानीय खेतीमा आकर्षित भएपछि चिया खेती उपभोक्ता समूह बनाएर चिया बगान नै उनीहरूलाई हस्तान्तरण गर्ने लक्ष्य रहेको शर्माको भनाइ छ । अहिले सुरु गरिएको चिया खेतीबाट दुई वर्षभित्र उत्पादन लिन सकिने अपेक्षा गरिएको उनले बताए ।

# प्रांगारिक खेती प्रवर्द्धन गर्दै कर्णाली प्रदेश

**कर्णाली–** माटो, वातावरण, जलवायु, खेती प्रणाली र उत्पादित कृषि उपजका दृष्टिले कर्णालीलाई प्रांगारिक प्रदेशका रूपमा अगाडि बढाएको छ । कर्णाली प्रदेश सरकारले २०७५ सालदेखि प्रांगारिक प्रदेश निर्माणका लागि लिएको अभियानअन्तर्गत प्रांगारिक खेती प्रवर्द्धनलाई विशेष जोड दिइएको हो ।

कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले पछिल्ला सात वर्षदेखि प्रांगारिक कृषि प्रवर्द्धनका लागि अनुदानमा जैविक सामग्री वितरण, प्रयोगशालामा जैविक कीटनाशक उत्पादन र रासायनिक कीटनाशकका नकारात्मक असरबारे जनचेतना फैलाउने कामका साथै कृषक पाठशालाको आर्थिक तथा प्राविधिक सहयोगमा प्रांगारिक खेतीमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्दै आएको कृषिमन्त्री विनोदकुमार शाहले बताए ।

उनका अनुसार प्रदेशको प्रांगारिक खेतीको उत्पादनमा वृद्धि, जनशक्ति उत्पादन, बजारीकरण र त्यसको दीगोपनसम्बन्धी पाँचदिने अन्तरराष्ट्रियस्तरको प्रांगारिक खेतीसम्बन्धी तालिम सम्पन्न भएको छ । खाद्य तथा कृषि संगठन (एफएओ)सँगको सहकार्यमा काठमाडौँस्थित रोयल थाई दूतावासद्वारा सुर्खेत वीरेन्द्रनगरमा साउन १८ गतेदेखि सञ्चालित तालिम उपलब्धिमूलक हुने उनको भनाइ थियो ।

तालिम समापन कार्यक्रममा थाइ मन्त्रीका सल्लाहकार एवं मिसनका निमित्त प्रमुख मनसुभी मनासाकुलले पहिलोपटक थाइ सरकार, एफएओ र नेपाल सरकारको सहकार्यमा नेपालमा प्रांगारिक खेतीसम्बन्धी गरिएको तालिमले नेपाल र थाइल्याण्डबीचको मित्रता र सहकार्य महत्वपूर्ण कडी बन्ने बताए । उनले थाइ राजदूतावासको तर्फबाट कर्णाली प्रदेश, कृषि विशेषज्ञ तथा साझेदारहरूसँग सहकार्य गर्न पाउँदा सम्मानको अनुभव भएको उल्लेख गरे । उनले भने, 'अर्ग्यानिक खेतीले दिगो भविष्यतर्फको बाटो देखाउँछ । यसले खाद्य सुरक्षा मजबुत पार्नुका साथै स्थानीय जीविकोपार्जनलाई सहयोग गर्छ । वातावरणसँगको सद्भावले दिगो अभ्यासलाई पनि प्रवर्द्धन गर्छ ।' *रासस*


# सिकार आरक्ष ढोरपाटनमा घोडा सफारी

**गलकोट (बागलुङ)**– नेपालकै एक मात्र सिकार आरक्ष क्षेत्र ढोरपाटन उपत्यकामा घोडा सफारी व्यवसाय फष्टाउँदो छ । घोडापालन गर्दै आएका स्थानीयको दैनिकी अहिले पर्यटकलाई घोडामा घुमाउनै ठिक्क छ ।

ढोरपाटनमा पछिल्लो समय पर्यटकको चाप बढेपछि घोडा व्यवसायी दंग छन् । ढोरपाटन उपत्यकामा फुलेका अनेकथरी फुलमा घोडा दौडाउने, भिडियो खिच्ने, फोटो खिच्ने र टिकटक बनाउने पर्यटकको संख्या बढेपछि घोडा व्यवसायीको आम्दानी बढेको छ ।

घोडा पालेरै घर खर्च धान्दै आएका ढोरपाटन नगरपालिका-९ निवासी अनिस विकले पर्यटक बढेपछि दिनमै रु तीन हजारभन्दा माथि आम्दानी गर्दै आएको बताए । 'पहिले त मुस्किलले दिनमा रु एक हजार हुन्थ्यो, अहिले रु तीन हजारसम्म आम्दानी भइरहेको छ, ढोरपाटनमा फुलेका बुकी फुलमा घोडा चढ्ने बढेका छन् ।'

उनका अनुसार ढोरपाटनमा पछिल्लो समय पर्यटक उल्लेख्य रूपमा बढेका छन् । 'ढोरपाटनमा आएका पर्यटकहरू घोडा नचढ्ने कुरै हुँदैन, घोडा चढेको फोटो र टिकटक मैले नै खिचिदन्छु, पर्यटकहरू खुसी भए अझ धेरै रकम दिन्छन्', विकले भने, 'एक पटक घोडामा चढेर फोटो तथा भिडियो बनाएको दुई सय लिन्छु, ढोर बराही दर्शन गरेको रु पाँच सय र बुकी पुगेको तीन हजारसम्म लिने गरेको छु, सबैभन्दा बढी पर्यटक घोडा चढेर ढोरपाटन उपत्यकाको फूलमा फोटो तथा भिडियो बनाउन रुचाउँछन् ।'



घोडाको खानपान घटाउँदा घर खर्च गरेर एक/दुई हजार दैनिक बचत हुने गरेको छ । यहाँका स्थानीयले घारवास र घोडा सफारीबाट मुख्य आम्दानी लिने गरेका छन् । वर्खायाम भए पनि यहाँको बुकी फूल हेर्न कै लागि बुटवल, काठमाडौं, पोखरा, बागलुङ बजारसहितका छिमेकी पालिकाहरूबाट ढोरपाटनमा पर्यटक आउने गरेका छन् । असारदेखि भदौसम्म यस क्षेत्रमा विभिन्न प्रजातिका वनफूल अर्थात् बुकी फूल फुल्ने गर्छन । मङ्सिर-पुसमा बाक्लो हिमपात हुने हुँदा कतिपय पर्यटक हिउँ खेल्नकै लागि आउँछन् । यहाँ आउने पर्यटक घोडा नचडी फर्किएको पाइँदैन । पर्यटकहरू घोडा चढेरै बुकी पाटनसम्म जाने गर्दा घोडाधनीहरू उत्साहित रहेका छन् ।

घोडापालनमा भने चुनौती रहेपछि पछिल्लो समय आम्दानी बढेको घोडाधनी मैतराम विकको भनाइ छ । दुई घोडा पाल्नु भएका मैतरामको घर खर्च चलाउने माध्यम घोडा नै हो । उनले बुकीपाटनमा पर्यटकका सामग्री पुऱ्याउन आफ्ना घोडा प्रयोग गर्दै आएको बताए । 'हिमपात हुने तीन महिना घोडालाई दाना खुवाएर पाल्नुपर्दछ, अघिपछि पर्यटकहरू आउनुहुन्छ, हिमपातमा घोडा हिडाउन मिल्दैन, घरमै पाल्दा कठिन हुन्छ, अहिले घोडामै पर्यटकलाई बुकीपाटन लैजाने व्यवस्था मिलाइएको छ, ढोरपाटन उपत्यकाबाट बुकी पुऱ्याएको रु तीन हजारदेखि रु चार हजारसम्म दिन्छन्', विकले भने ।

वर्खायाम भए पनि ढोरपाटन क्षेत्रमा पर्यटकको आगमन बढ्दै गएकाले घरवास र घोडा सफारी व्यवसाय फष्टाउँदै आएको स्थानीय घरवास सञ्चालक रामबहादुर घर्तीले जानकारी दिए । सिकार आरक्ष क्षेत्रमा गत आर्थिक वर्षमा २३ हजार पर्यटक भित्रिएका थिए । जुन अघिल्लो आर्थिक वर्षको तुलनामा हजारले बढी हो । *रासस*

# बजार अभावले काँक्रो किसान निराश

**धादिङ (प्रस)**– मनग्य आम्दानी लिन दुःख गरेर बारीमा उत्पादन भएको काँक्रोले बजार मूल्य नपाउँदा दक्षिणी धादिङको विकट बस्तीका किसान निराश बनेका छन् । धादिङको बेनिघाट रोराङ गाउँपालिका-२ मास्कर र चितवनको राप्ती नगरपालिका-१३ गडी आसपासका किसान आफूले उत्पादन गरेको काँक्रोले मूल्य नपाउँदा निराश बनेका हुन् । अघिल्ला वर्षमा काँक्रोबाट मात्रै एक याममा रु तीन लाखसम्म नगद बुझेका किसानले अहिले रु ५० हजारको पनि काँक्रो बिक्री गर्न नसकेको गडीका स्थायीय रमेश श्रेष्ठले गुनासो गरे ।

गडी र मास्कर दुई गाउँ धादिङ र चितवनको सीमावर्ती गाउँ हुन । यहाँका करिब ७० घरपरिवारले बारीमा काँक्रो लगाएका छन् । भौगोलिक हिसाबमा विकटमा पर्ने गडी र मास्करमा धेरैजसो विपन्न चेपाङ समुदायको बसोबास छ । यसपालिको काँक्रोखेतीले मुनाफा नदिए पनि लगानी उठाउन कठिन भएको किसानको भनाइ छ । 'पोहोर प्रतिकिलो रु ९० देखि रु १०० सम्म पाइन्थ्यो, यसपालि बढीमा ४५ रूपैयाँ र थोरैमा २२ रूपैयाँसम्म झरेको छ', मास्करका किसान सन्दीप चेपाङ भन्छन्, 'भाँडा, मजदुरी र मेहनत जोड्दा हामीले घाटा मात्र बेहोरेका छौँ, बीउ रोप्दाको पैसा पनि उठ्दैन जस्तो छ ।'

काँक्रोमा फल लाग्नुअघि नै रोग लागेको र पहेलो हुँदै बोटै सुक्न थालेको उनले सुनाए । 'प्राविधिकले आफैं आएर हेऱ्यो, केही कम भयो जस्तो लाग्थ्यो', चेपाङ सुनाउँछन्, 'बल्लतल्ल बचेको बोटमा फलेको काँक्रोले पनि बजार मूल्य पाएन, अब फाइदा कमाउने आशा छैन नै लगानी उठाउन पनि नसक्ने भइयो ।' पोहोर साल आठ प्याकेट बीउ लगाएर रु दुई लाख ४६ हजार कमाएकामा यसपालि अहिलेसम्म जम्मा रु २२ हजारको मात्रै काँक्रो बिक्री भएको किसान चन्द्र चेपाङको भनाइ छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ